घोराही उपमहानगरपालिका दाङको ५ वर्षे

# प्रगति प्रतिवेदन




## घोराही उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ । लुम्बिनी प्रदेश नेपाल

Website : ghorahimun.gov.np, email : ifno@ghorahimun.gov.np



चेपे जलाशय र बी.पी. मार्ग



सामुदायिक पशु चौपायाको व्यवस्थापन, चाक्लीघाट



बजार अनुगमन

‘हरित क्रान्ति, आत्मनिर्भरता सहभागिता र समता
मानव विकास स्वस्थ र स्वच्छ घोराही उपमहानगरपालिका’

# आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्मको प्रगति प्रतिवेदन पुस्तिका

प्रकाशक

**घोराही उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सूचना तथा सञ्चार प्रविधि शाखा**

**घोराही, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

**आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्मको प्रगति प्रतिवेदन पुस्तिका**

**प्रकाशक :**

घोराही उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सूचना तथा सञ्चार प्रविधि शाखा

घोराही, दाङ

**सर्वाधिकार :**

प्रकाशकमा सुरक्षित

**प्रकाशन मिति :**

२०७९

मुद्रण :

प्रतिभा अफसेट प्रेस, घोराही, दाङ

# मन्तव्य



संघीयताको अभ्यासमा स्थानीय सरकार सञ्चालनको पहिलो जिम्मेवारी लिएको पाँच वर्ष पूरा हुँदैछ । स्थानीय निकाय लामो समयसम्म जनप्रतिनिधिविहीन अबस्थापछि संघीय शासन प्रणालीमा देश गएसँगै निर्वाचनमार्फत स्थानीय तहको (सरकार) सञ्चालनको जिम्मेवारी नगरबासीले हामीलाई प्रदान गर्नुभयो । जनताका अधिकार, सेवा, सुबिधा, न्याय र समृद्ध नगर बनाउने उद्घोषका साथ लिएको जिम्मेवारी हामीले कुशलतापूर्वक पूरा गरेका छौं भन्ने लाग्छ । स्थानीय सरकार सञ्चालनको जिम्मेवारी लिएसँगै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोच तथा योजनाका साथ हामीले नगरको चौतर्फी विकासमा ध्यान दियौँ । फलस्वरुप ५ वर्षको अबधिमा आम नगरबासीले अनुभूति हुने गरी परिवर्तन गर्न सफल भएका छौ । यद्यपि गर्नुपर्ने काम, सुधार र जनताका अपेक्षा धेरै होलान तर हामीले अहिले जे जति गरेका छौ हामी सन्तुष्ट नै छौँ । विशेष गरी आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, स्वास्थ्य, वातावरणीय, शैक्षिक सुधारलगायत क्षेत्र उल्लेख्य काम भएको छ । पाँच वर्षको अवधिमा सबै बस्तीलाई जोड्ने सडक सन्जाल, शहरदेखि गाउँ जोड्ने सडकहरु कालोपत्रे, विद्यालयमा शैक्षिक सुधार गर्न दरबन्दी मिलान, प्र.अ. व्यवस्थापन, बालमैत्री नगर घोषणा, सडक मानव मुक्त नगर, सबै वडामा आधारभूत स्वास्थ्य सेवा, जेष्ठ नागरिकको घरमै उपचार, सिकलसेल र सुत्केरीलाई निःशुल्क रगत, मोतीया विन्दुको निःशुल्क अप्रेशन, जेष्ठ नागरिक दिवासेवा केन्द्र स्थापना भएका छन् । यस अवधिमा ८३ वटा कानुन निर्माण गरी जनतालाई दिने सेवा सुविधालाई व्यवस्थित गर्दै सुशासन कायम गर्न प्रयत्न भएको छ । ४३ वटा कृत्रिम जलाशय निर्माण, किसानहरुलाई बिउ तथा कृषि उपकरण अनुदानमा वितरण, गल्ने फोहोरबाट ग्याँस उत्पादन थालेका छौं भने नगल्ने फोहोर खरिद गर्दै आएका छौं । दुई वर्ष कोरोना महामारीलाई समेत हामीले झेल्नुपर्‍यो । त्यसका बाबजुत पनि हामीले नागरिकको जीवन रक्षा, नियमित कार्य सञ्चालनलाई सुझबुझका साथ अघि बढायौं । अहिले हामीले नागरिकहरुको आर्थिक पक्षलाई सबल बनाउन आधारहरु तयार पारेका छौं । अब यही आधारमा टेकेर नगरको समृद्धिमा अघि बढ्नु पर्ने छ । जनताको नजिकको अभिभाबकका रुपमा हामीले काम गर्ने सौभाग्य पायौं । नयाँ अभ्यासको नेतृत्व सम्हाल्नु परेकाले ऐन कानुन बनाएर अघि बढ्नुपर्ने थियो । नागरिकहरुका अपेक्षा निकै धेरै हुँदाहुँदै पनि हामीले अधिकतम अपेक्षाहरु पूरा गर्न केन्द्रित भएर लाग्यौं । पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, वातावरणलाई एकसाथ अघि बढाऔं र अहिले

घोराही उपमहानगरपालिकाका हरेक कामहरु नमूनाका रुपमा हेर्न सकिन्छन् । संविधान ऐन कानूनले जे जति अधिकार हामीलाई दिएको छ, त्यसको अधिकतम सदुपयोग गर्दै नगरबासीकै हितका निम्ति हामीले आफ्नो कार्यकाल पूरा गरेका छौं । घोराही नगरलाई कस्तो बनाउने भन्ने सोच, योजना, चिन्ता, चासो सबैमा हुन जरुरी छ । मलाई नगर प्रमुखको जिम्मेवारीमा बसेर काम गर्दा अन्य जनप्रतिनिधि, कर्मचारी, नगरबासी, राजनीतिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, विषयगत कार्यालयहरु, पत्रकार, अधिकारकर्मी एवं सबै सरोकारवालाहरुले राम्रो साथ सहयोग गर्नुभएको छ । उहाँहरुप्रति आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

**नगर प्रमुख**
**नरुलाल चौधरी**

# मन्तव्य



स्थानीय सरकार सञ्चालनको पहिलो जिम्मेवारी पाएपछि नयाँ अभ्यासमा हामीले काम थाल्यौ । संघीयताको बलियो र जनताको नजिकको आधार भनेकै स्थानीय तह हो । संविधान, कानुनले दिएको जिम्मेवारी अनुसार घोराही उपमहानगरपालिकाको उपप्रमुखको काम, कर्तव्य र अधिकारलाई अक्षरश पालना गर्दै नगरबासीको हितमै आफूलाई केन्द्रित गरेर काम गरेको छु । नागरिकहरुको नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारको गाउँ टोलसम्म सञ्जाल रहेकाले पनि हामीलाई ठूलो जिम्मेवारी संविधानले दियो । भेग र भूगोलका आधारमा हाम्रा वडा सदस्य जनप्रतिनिधि साथीहरु सदैब जनताको काममा खट्नुभयो । हामी नेतृत्वमा बस्नेहरुले जनताको कामलाई हामी सदैब सेवक भएर जिम्मेवारी निर्वाह गऱ्यौं । नगर उपप्रमुखको आ-आफ्नै जिम्मेवारी र भूमिका कानुनले तोकिदिएको छ । बिशेष गरी योजना तथा वजेट व्यवस्थापन, न्यायिक सम्पादन, पूर्वाधार विकासको अनुगमन, राजस्व सुधार, बजार अनुगमन लगायतका क्षेत्रको नेतृत्व गर्ने गरी कानुनले उपप्रमुखलाई जिम्मेवारी दिएको छ । ती जिम्मेवारीलाई पूरा गर्न आफ्नो कर्तव्य ठानेर सबै विषयमा गम्भीर भई जनताको अधिकार स्थापित गर्न दत्तचित्त भएर काम गरेको छु । पीडितहरुलाई न्याय दिने विषयमा दुबै पक्षको जितजितको महसुस गराउनु सानो कुरा छैन् तर पनि दुबै पक्षलाई मिलापत्र गरेर हाँसीखुशीका साथ कार्यालयबाट बाहिरिने बाताबरण बनायौं । लामो समयदेखि जन्म दर्ता नपाएकालाई जन्मदर्ता दिलाइदिने काम गर्न सकेका छौ । अधिकांश जग्गा बिबादहरु आए र त्यसको पनि हामीले सहज ढंगले मिलापत्र गर्न सकेका छौ । र स्थानीय सरकारमा रहेको न्यायिक समितिको भूमिका, जिम्मेवारीलाई थप विश्वस्नीय बनाउन सकेको महसुस भएको छ । पूर्वाधारहरुको अनुगमन, निगरानी र खबरदारीमा चासो दिएकै कारण काममा गुणस्तरीयता र तीब्रता आउने हो । बजारको नियमित अनुगमन, उपभोक्ता र व्यवसायिक अधिकारसँगै दायित्व बोध गराउने कुरा वार्षिक राजस्व संकलनको आँकलन, संकलन र अटो व्यवस्थापनमा पनि सुधारका कामहरु गर्न सफल भएका छौ । नगरबासीले जे जति अपेक्षा गर्नुभएको छ सबै कामहरु त गर्न सकिएन होला तर सन्तुष्ट हुने गरी काम गर्न हामी सफल भएका छौ । यो जिम्मेवारी दिने सम्पूर्ण नगरबासी र कार्य सम्पादनमा साथ दिने जनप्रतिनिधि, कर्मचारीसहित विभिन्न सरोकारवाला निकाय र प्रतिनिधिहरुप्रति आधार र धन्यवाद व्यक्त गर्दछु ।

नगर उपप्रमुख
सीता सिग्देल न्यौपाने

# प्राक्कथन



घोराही उपमहानगरपालिकाको ५ वर्षे प्रगतिसहितको पुस्तिका प्रकाशन हुन लागेकोमा हर्षित छु । संघीयता कार्यान्वयनसँगै नेपालको संविधान २०७२ ले तीन तहका सरकारहरुको परिकल्पना गरी राज्यसत्ता संचालन तथा सेवा व्यवस्थापनको लागि अधिकारहरुको बाँडफाँड गरेको छ। संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको व्यवस्था र अनुसूची- ९ मा संघीय तथा प्रदेश सरकारहरुसँगको समन्वयमा प्रयोग हुने साझा अधिकारहरुको व्यवस्था गरेको छ । लामो समयको अन्तराल पश्चात २०७४ मा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्वमा स्थानीय सरकार संचालित छ। संविधानको अनुसूचीमा व्यवस्था भए बमोजिमका अधिकारहरु प्रयोग गरेर घोराही उपमहानगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र रही महत्वपूर्ण कार्यहरु सम्पन्न गरेको कुरा उल्लेख गर्न चाहन्छु । घोराही उपमहानगरपालिकाको अधिकार क्षेत्रभित्र रहेर गरेका कार्यहरु विशेष गरी सुशासन प्रवर्द्धन, सेवा पहिचान तथा प्रवाह, जनसहभागिता, स्थानीय लोकतन्त्रको प्रवर्द्धन र न्यायिक कार्यसम्पादनका क्षेत्रमा उल्लेखनीय कार्यहरु गरेको छ ।

यस पुस्तिकामा विषयक्षेत्र अनुसार आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण, विपद व्यवस्थापन तथा सरसफाई र संस्थागत विकास तथा सुशासन क्षेत्रमा गरेका प्रगति विस्तृत रुपमा समावेश गरिएको छ । घोराही उपमहानगरपालिकाको विकासको सन्दर्भमा चासो राख्ने जो कोही नागरिकलाई मननीय सामग्री उपलब्ध गराउने विश्वास लिएको छु । यस पुस्तिकामा हालसम्मको प्रगति अवस्था र भावी दिनहरुमा कुन-कुन क्षेत्रमा प्राथमिकताका साथ योजना बनाई कार्यान्वयन गर्नुपर्ने हो सो को खाका तयार गर्न आधार तयार गर्नेछ र मार्गदर्शकको रुपमा कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस पुस्तिका तयार गर्नका लागि आवश्यक तथ्याङ्कहरुसहित प्रगति विवरणहरु उपलब्ध गराउने सवै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु, महाशाखा शाखामा कार्यरत प्रमुख तथा अन्य सवै कर्मचारीहरु, औपचारिक अनौपचारिक रुपमा पुस्तिकामा समावेश भएका तथ्याङ्कहरुको वैधता प्रमाणिकरणको लागि सुझाव सल्लाह उपलब्ध गराउनुहुने जनप्रतिनिधिज्यूहरुप्रति आभार व्यक्त गर्न चाहन्छु । यो पुस्तिकालाई अन्तिम रुप दिन अहोरात्र खटीई लेखन तथा सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने यसै उपमहानगरपालिकाका तथ्याङ्क अधिकृत श्री भीम वहादुर चौधरी तथा सहजीकरणमा सहयोग पुऱ्याउने सूचना प्रविधि अधिकृत श्री विमल अग्रहरीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**ऋषिराम के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


| | |
|---|---|
| कार्यकारी सारांश | १ |
| **खण्ड- १ परिचय** | १५ |
| १.१ भौगोलिक परिचय/घोराही उपमहानगरपालिकाको अवस्थिति | १५ |
| १.२ नामाकरण र ऐतिहासिक पृष्ठभूमि | १६ |
| १.३ प्राकृतिक तथा सांस्कृतिक अवस्था | १७ |
| **खण्ड- २ आर्थिक विकास** | १९ |
| २.१ पृष्ठभूमि | १९ |
| २.२ विद्यमान अवस्था, सम्भावना र अवसर | १९ |
| २.३ विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीतिहरु | २० |
| २.३.१ लक्ष्य | २० |
| २.३.२ उद्देश्यहरु | २० |
| २.३.३ रणनीतिहरु | २० |
| २.४ मुख्य कार्यक्रम तथा आयोजनाको विवरण | २१ |
| २.४.१ कृषि विकास | २१ |
| २.४.२ पशु पंक्षी विकास | २२ |
| २.४.३ पर्यटन तथा संस्कृति प्रवर्द्धन | २२ |
| २.४.४ सहकारी तथा रोजगारी प्रवर्द्धन | २३ |
| २.४.५ प्रधानमन्त्री रोजगार कार्यक्रम | २३ |
| २.४.६ उद्योग प्रवर्द्धन | २३ |
| २.५ प्रगति अवस्था | २४ |
| २.५.१ क्षेत्रगत वजेट विनियोजन तथा खर्च अवस्था | २४ |
| २.५.२ वित्तीय तथा भौतिक प्रगति | २४ |
| २.६ मुख्य-मुख्य उपलब्धिहरु | २५ |
| २.६.१ कृषि विकास | २५ |
| २.६.२ पशुपंक्षी विकास | २८ |
| २.६.३ पर्यटन तथा संस्कृति प्रवर्द्धन | २९ |
| २.६.४ सहकारी तथा रोजगार प्रवर्द्धन | २९ |

२.६.५ उपभोक्ता हित संरक्षण २९
२.६.६ उद्योग तथा व्यवसाय प्रवर्द्धन ३०
२.६.७ प्रधानमन्त्री रोजगार कार्यक्रम ३१
**खण्ड- ३ सामाजिक क्षेत्र** ३२
३.१ पृष्ठभूमि ३२
३.२ विद्यमान अवस्था, संभावना तथा अवसर ३२
३.३ विषयक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीतिहरु ३३
३.३.१ लक्ष्य ३३
३.३.२ उद्देश्यहरु ३३
३.३.३ रणनीतिहरु ३३
३.४ मुख्य-मुख्य कार्यक्रम तथा आयोजनाको विवरण ३४
३.४.१ शिक्षा युवा तथा खेलकूद विकास ३४
३.४.२ जनस्वास्थ्य प्रवर्द्धन ३५
३.४.३ महिला, वालवालिका तथा सामाजिक विकास ३६
३.५ प्रगति अवस्था ४१
३.५.१ विषय क्षेत्रगत वजेट विनियोजन तथा खर्च अवस्था ४१
३.५.२ वित्तीय तथा भौतिक प्रगति ४१
३.६ उपलब्धिहरु ४२
३.६.१ शिक्षा, युवा तथा खेलकूद विकास ४२
३.६.२ महिला तथा वालवालिका तथा जेष्ठ नागरिक ४३
३.६.३ जनस्वास्थ्य प्रवर्द्धन ४९
३.६.४ पञ्जिकरण तथा सामाजिक सुरक्षा ५५
**खण्ड- ४ पूर्वाधार विकास** ५६
४.१ पृष्ठभूमि ५६
४.२ विद्यमान अवस्था, संभावना तथा अवसर ५६
४.३ विषयक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीतिहरु ५६
४.३.१ लक्ष्य ५६
४.३.२ उद्देश्यहरु ५६
४.३.३ रणनीतिहरु ५७
४.४ मुख्य-मुख्य कार्यक्रम तथा आयोजनाको विवरण ५८
४.५ प्रगति विवरण ५९

४.५.१ विषय क्षेत्रगत वजेट विनियोजन तथा  खर्च अवस्था ५९
४.५.२ वित्तीय तथा भौतिक प्रगति ५९
४.६.३  परिमाणात्मक उपलब्धिहरु ६०
४.६ मुख्य-मुख्य उपलब्धिहरु ६६
**खण्ड- ५ वन, वातावरण, विपद् तथा सरसफाई व्यवस्थापन** ६८
५.१ पृष्ठभूमि ६८
५.२ विद्यमान अवस्था, संभावना तथा अवसर ६८
५.३ विषयक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीतिहरु ६८
५.३.१ लक्ष्य ६८
५.३.२ उद्देश्यहरु ६८
५.३.३ रणनीतिहरु ६९
५.५  मुख्य-मुख्य कार्यक्रम तथा आयोजनाको विवरण ६९
५.५.१ वातावरण संरक्षण तथा विपद व्यवस्थापन ६९
५.५.२ सरसफाई व्यवस्थापन ६९
५.६ प्रगति अवस्था ७१
५.६.१ विषय क्षेत्रगत वजेट विनियोजन तथा  खर्च अवस्था ७१
५.६.२ वित्तीय तथा भौतिक प्रगति ७१
५.७ परिमाणात्मक उपलब्धिहरु ७२
५.७.१ वन वातावरण तथा विपद् व्यवस्थापन ७२
५.७.२ सरसफाई व्यवस्थापन ७२
**खण्ड- ६ संस्थागत विकास तथा सुशासन** ७३
६.१ पृष्ठभूमि ७३
६.२ विद्यमान अवस्था, संभावना तथा अवसर ७३
६.३ विषयक्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीतिहरु ७३
६.३.१ लक्ष्य ७३
६.३.२ उद्देश्यहरु ७४
६.३.३ रणनीतिहरु ७४
६.४ मुख्य-मुख्य क्रियाकलाप ७५
६.४.१ सूचना तथा संचार प्रविधि ७५
६.४.२  कानून तथा न्याय ७६
६.५ प्रगति अवस्था ७७
६.५.१  क्षेत्रगत वजेट विनियोजन तथा खर्च अवस्था ७७

६.५.२  वित्तीय तथा भौतिक प्रगति ७७
६.६ मुख्य-मुख्य उपलब्धिहरु ७८
६.६.१ सामान्य व्यवस्थापन ७८
६.६.२ सूचना तथा संचार ७८
६.६.३ राजश्व सुधार ७९
६.६.४ कानून तथा न्याय ८०
६.६.५  भूमि व्यवस्थापन ८१
६.६.६  सुरक्षित आप्रवासन (सामी) परियोजना ८२
**अनुसूचीहरु**
अनुसूची- १ प्रस्तावित तथा यथार्थ आय विवरण ८६
अनुसुची- २ आ.व.२०७४/०७५ देखि आ.व.२०७८/०७९ मा विनियोजित वजेट तथा.. ८८
अनुसूची- ३ संगठन व्यवस्थापन ८९
अनुसूची- ४ ओ.एन एम. प्रतिवेदनका आधारमा स्वीकृत दरवन्दी ९०
**सन्दर्भ सामग्री** ९४

# कार्यकारी सारांश

नेपालको संविधान २०७२ ले संघीय शासनको परिकल्पना गरेसँगै राज्यमा तीन तहको सरकार कार्यान्वयनमा रहेका छन् । लामो समयसम्म साविक स्थानीय निकाय जनप्रतिनिधि विहीन अवस्थामा संचालन भएको राज्यसत्ता वि.सं. २०७४ को स्थानीय तहको पहिलो निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल पनि अन्तिम चरणमा रहेको छ। संविधानमा अनुसूचीहरुमा तीन तहका सरकारहरूको अधिकारहरुको बाँडफाँड गरेको छ । सोही अनुसार अनुसूची- ८ मा स्थानीय तहको २२ वटा एकल अधिकार तथा अनुसूची- ९ मा संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकारहरुको व्यवस्था गरेको छ । ती अधिकारहरुको प्रयोग गरेर घोराही उपमहानगरपालिकाले ५ वर्षको अवधिमा विशेष गरी सुशासन प्रवर्द्धनन, सेवा पहिचान तथा प्रवाह, जनसहभागिता, स्थानीय लोकतन्त्रको प्रवर्द्धन र न्यायिक कार्यसम्पादनको क्षेत्रमा थुप्रै उल्लेखनीय कार्यहरु गरेको छ, जुन कार्यप्रगति यस पुस्तिकामा समावेश गर्ने प्रयत्न भएको छ । ५ वर्षे प्रगति विवरणसहितको यो पुस्तिकामा परिचय खण्डसहित छ खण्डमा विभाजन गरी तयार पारिएको छ। परिचय खण्डमा घोराही उपमहानगरपालिकाको नामाकरण तथा ऐतिहासिक पृष्ठभूमि, प्राकृतिक तथा सांस्कृतिक अवस्था, जनगणना २०७८ बाट प्राप्त प्रारम्भिक जनसांख्यिकीय विवरणहरु समेटिएको छ ।

मुख्य रुपमा यस पुस्तकले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण, विपद् व्यवस्थापन तथा सरसफाई र संस्थागत विकास तथा सुशासन क्लष्टरको रुपमा खण्डहरु समेट्ने कोशिश गरिएको छ । विशेष गरी आर्थिक विकासतर्फ कृषि विकास, पशुपंक्षी विकास, पर्यटन तथा संस्कृति प्रवर्द्धन, सहकारी तथा रोजगार प्रवर्द्धन, उद्योग प्रवर्द्धन तथा प्रधानमन्त्री रोजगार कार्यक्रमहरु समेटिएको छ ।

त्यसैगरी सामाजिक विकासतर्फ शिक्षा युवा तथा खेलकूद विकास, जनस्वास्थ्य प्रवर्द्धन, महिला बालबालिका तथा जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा तथा पंजीकरण कार्यक्रमहरु समेटिएका छन भने पूर्वाधार विकास खण्डमा विभिन्न पूर्वाधारका कार्यक्रमहरु समेटिएका छन् । वन, वातावरण विपद् व्यवस्थापन तथा सरसफाई खण्डसँग सम्बन्धित कार्यक्रमहरु पाँचौ खण्डमा समेटिएको छ भने अन्तिम अर्थात छैठौं खण्डमा संस्थागत विकास तथा सुशासनभित्र सूचना तथा संचार प्रविधि, कानून तथा न्याय व्यवस्थापन, सामान्य प्रशासन तथा व्यवस्थापन, राजश्व सुधार, भूमि व्यवस्थापन तथा सुरक्षित आप्रवासनसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरु समेटिएका छन् ।

क्लष्टर अनुसारको एकीकृत रुपमा पृष्ठभूमि, विद्यमान अवस्था, सम्भावना विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमगत मुख्य-मुख्य क्रियाकलाप र वजेट खर्च तथा मुख्य-मुख्य उपलब्धिहरु समेटेर यो पुस्तक तयार गरिएको छ । कार्यक्रमगत तथा विषय क्षेत्रगत बजेट खर्च अवस्था विस्तृत रुपमा सम्बन्धित खण्डमा प्रस्तुत गरिएको साथै यस ५ वर्षको अवधिमा कार्यक्रमगत उपलब्धिहरु संक्षिप्तमा देहाय वमोजिम रहेको छ ।

## आर्थिक विकास

### कृषि विकास

१. कृषि विकास कार्यक्रमलाई सुव्यवस्थित सुचारु गर्न कृषि विकास सम्बन्धित ३ वटा कार्यविधिहरु निर्माण गरिएको छ ।

२. अनुदान सम्बन्धी मुख्य-मुख्य कार्यक्रमहरुमा कृषि समूह/सहकारीमार्फत सञ्चालन साना सिंचाई ६०% अनुदानमा सञ्चालित योजना ६६ वटा कृषि यान्त्रिकरण साना औजार अनुदानमा विक्री वितरण ५०% अनुदान सञ्चालित १४५ वटा

३. विभिन्न बालीको पकेट क्षेत्र निर्धारण तथा कार्यक्रम सञ्चालन ५०% अनुदान सञ्चालित ८ वटा

४. वीउ उत्पादन गर्ने समूह/सहकारीहरुलाई अनुदानमा मूल बीउ (धान गहुँ तोरी र मसुरो) तीन वटा बिउ उत्पादन गर्ने सहकारी वितरण ६०% अनुदान मे.टन ९ बीउ वितरण

५. कृषकहरुलाई विभिन्न बालीको (प्याज, धान, गहुँ र तरकारी) उन्नत बीउ अनुदानमा ३४५० जना कृषकहरुलाई वितरण ६०% अनुदान मे.टन ५०

६. बेमौसमी गोलभेडा खेतीको लागि फलाम स्टक्चर प्लाष्टिक टनेल ७५% अनुदान ३८ वटा २०८६ मि. को ३५ जना कृषकलाई वितरण

### पशुपंक्षी विकास

७. कार्यक्रम व्यवस्थित संचालनको लागि विभिन्न ४ वटा कार्यविधिहरु निर्माण भई कार्यान्वयमा रहेको ।

८. कुखुरा मासु तथा अण्डामा घोराही उपमहानगरपालिका आत्म निर्भर भएको ।

९. बंगुरको मासुमा आत्म निर्भर (बंगुर पाठापाठी तथा मासुका लागि बंगुर साप्ताहिक रुपमा घोराही वाहिर ढुवानी भएका) ।

### पर्यटन तथा संसकृति प्रवर्द्धन

१०. नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समिति गठन तथा कार्यसंचालन कार्यविधि, २०७५ निर्माण

११. पर्यटन/संस्कृतिसँग सम्बन्धित विभिन्न प्रकाशनहरु

१२. घोराही उपमहानगरको पर्यटकीय/सांस्कृतिक सम्पदाहरुको वृत्तचित्र निर्माण (बर्कानाच वृत्तचित्र गन्तव्य घोराही वृत्त चित्र)

### सहकारी तथा रोजगार प्रवर्द्धन

१३. घोराही उपमहानगरपालिकाको सहकारी ऐन २०७४, नियमावली २०७७ र अनुगमन तथा सुपरिवेक्षण कार्यविधि गरी ३ वटा कानून निर्माण भई कार्यान्वयनमा रहेको ।

१४. घोराही उपमहानगरपालिकाको सहकारी संस्थाहरुको विद्यमान अवस्था देखिने गरी ब्रोसर लगायतका सम्बन्धित सामग्री प्रकाशन गरेको ।

१५. घोराही उप-महागनरपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुको सुसंचालन होस् भनी अनुगमन तथा सुपरिवेक्षण कार्यलाई निरन्तरता दिएको ।

१६. व्यावसायिक सहकारीहरुलाई व्यवसाय प्रवर्द्धन गर्न आवश्यक तालिम संचालन गरेको ।

१७. सहकारी संस्थाका सदस्यहरुलाई स्वरोजगार निर्माण गर्न गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्यक्रम संचालन गरेको ।

**उपभोक्ता हित संरक्षण**

१८. घोराही उपमहानगरपालिकाको बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा प्रवर्द्धन गर्न स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८ बनाई जारी गरिएको ।

१९. बजार अनुगमन निर्देशिका, २०७५ जारी भई कार्यान्वयन भइरहेको ।

२०. बजार व्यवस्थापन कार्यविधि २०७४ तर्जुमा गरी लागु गरिएको ।

२१. उपभोक्ताहरुलाई दैनिक उपभोग्य वस्तु, खरिद तथा बिक्री गर्दा ध्यान दिनुपर्ने विविध विषयका जानकारीमूलक होडिङ बोर्डहरु जडान गरिएको ।

२२. उपभोक्ता हित सम्बन्धी प्रचार प्रसारका जस्ता सामग्री, ब्रोसर, लिफलेट तयार गरी वितरण गरेको ।

२३. दैनिक उपभोग्य खाद्यवस्तु तथा दूधको गुणस्तर कायम गर्न परीक्षण कार्यका लागि आवश्यक उपकरण व्यवस्थापन गर्ने कार्य थालनी गरिएको ।

२४. खाद्यवस्तुमा अखाद्य वस्तुको मिसावटबाट उपभोक्ताको स्वास्थ्यमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्नका लागि नियमित रुपमा बजार अनुगमन गर्ने गरिएको ।

**उद्योग तथा व्यवसाय प्रवर्द्धन**

२५. घोराही उपमहानगरपालिकाको उद्योग तथा व्यवसाय प्रबर्द्धन शाखा २०७७ साल पौषदेखि सञ्चालनमा आएको छ । यस शाखा अन्तर्गत लघु उद्यम विकास मोडलमा आधारित कार्यक्रम सञ्चालित रहेको साथै गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका- २०७७ बमोजिम योजना तथा कार्यक्रम सञ्चालनमा रहेको छ ।

२६. हाल सम्ममा घोराही उपमहानगरपालिकाभित्र २०० जना लघु उद्यमीहरुले उद्यमशीलता विकास तालिम हासिल गरेका छन् ।

२७. २०७८ साल आषाढ मसान्तसम्म घोराही उपमहानगरपालिकाभित्र विभिन्न ५० प्रकारका उद्योगहरु भएका साथै दर्ता संख्या ३४५५, उद्यमी संख्या ३९४३ र रोजगारी संख्या १४३०७ रहेको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

२८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत विभिन्न आ.व. हरुमा देहाय बमोजिम सूचीकृत वेरोजगार तथा रोजगारीमा संलग्न व्यक्त संख्या रहेका छन् ।

| क्रियाकलाप | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| सुचिकृत बेरोजगार व्यक्ती संख्या | - | ९०९१ | ८०६ | १२४८ | ६८१ |
| रोजगारीमा संलग्न व्यक्ती संख्या | - | ६४१ | ४११ | ३२६ | ९० |

**सामाजिक विकास**

**शिक्षा तथा खेलकूद विकास**

२९. शिक्षा तथा खेलकूद विकास कार्यक्रमसँग सम्बन्धित ९ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेको

३०. शिक्षक दरबन्दीको व्यवस्थापन तथा दिवा खाजा व्यवस्थापनले विद्यार्थी भर्ना दरमा वृद्धि भएको

३१. शिक्षक दरबन्दी मिलान गरी दुर्गम वडाका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन गरिएको ।

३२. वाल विकास केन्द्रका बाल बालिकाहरुको बसाई व्यवस्थापनका लागि पि.पि. म्याट कार्पेट तथा चकटीको व्यवस्थापन गरिएको ।

३३. प्रत्येक वडामा थप १ जना बाल विकास सहजकर्ताको व्यवस्था गरिएको ।

३४. विद्यालयको आवश्यकता तथा मागको आधारमा माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुमा नगर अनुदान शिक्षक व्यवस्थापन गरिएको ।

३५. नगर शिक्षा योजना निर्माण गरिएको । थारु भाषाको पाठ्यक्रम निर्माण गरी पाठ्यक्रम लेखनको काम अघि वढाइएको ।

३६. खेलकूद विकासतर्फ नगरस्तरीय मेयर कप फुटवल तथा उपमेयर कप महिला भलिबल प्रतियोगिता नियमित रुपमा सञ्चालन हुँदै आएको नगरस्तरीय क्रिकेट तथा ब्याटमेन्टन खेलको प्रारम्भ गरिएको ।

३७. एक वडा एक खेलकूद मैदानको नीति अनुरुप प्रत्येक वडमा खेलकूद पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अगाडि बढेको ।

३८. वाल विकास सहजकर्ताहरुको लागि क्षमता विकास तथा मन्टेश्वरी विधिको तालिम निममित रुपमा सञ्चालन भएको ।

३९. अंग्रेजी माध्यमबाट पठनपाठन सहज बनाउने उद्देश्यले अंग्रेजी भाषाको तालिम संञ्चालन भएको । शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम सञ्चालन भएको जस्ले गर्दा शैक्षिक गुणस्तरमा वृद्धि भएको ।

४०. शैक्षिक गुणस्तर कायम गर्न न्यायोचित तरीकाले विद्यार्थी संख्यामा आधारित रहेर विद्यालय मर्ज, दरबन्दी मिलान र सरुवा पदस्थापन प्रक्रियालाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको ।

४१. शिक्षा युवा तथा खेलकुद महाशाखाबाट सम्पन्न भएका कामहरुको चौमासिक रुपमा शैक्षिक बुलेटिन र वार्षिक क्यालेण्डर प्रकाशन गरेको ।

४२. घोराही उपमहानगरपालिकाकाभित्र बसोबास गर्ने र सामुदायिक विद्यालयबाट माध्यमिक तहको परीक्षामा उच्च अंक प्राप्त गर्ने डाक्टर इन्जिनियर पढने छात्र-छात्रहरुको लागि छात्रबृत्ति प्रदान गरिएको ।

४३. प्रत्येक सामुदायिक माध्यमिक विद्यालयहरुमा स्वाथ्यकर्मीको व्यवस्थापन गर्दै जाने नीति निर्माण गरिएको ।

४४. विद्यालयका प्र.अ. तथा लेखाका कर्मचारीहरुलाई लेखा व्यवस्थापन तथा क्षमता अभिबृद्धि तालिम दिई क्षमता विकास गरेको ।

**महिला वालवालिका तथा जेष्ठ नागरिक**

४५. कानूनी व्यवस्थापनतर्फ ११ वटा विभिन्न कार्यविधि मापदण्ड तथा नीतिहरु निर्माण भई कार्यान्वयनमा रहेको

४६. बालमैत्री स्थानीय तह घोषणा

४७. बाल गृह तथा सडक बालबालिकाहरुको लागि आपतकालिन पुनर्स्थापना केन्द्र संचालनमा रही ५ वर्षमा जम्मा २६६ जना बालबालिकाहरुमा परिवारमा गएको ८८ जना उच्च शिक्षा हासिल बाहिर निस्किएका ३३ जना १४ जना उमेर पुगेर विवाह भएर गएको १० कक्षा पास गरेपिछ नजिकको नातेदारले लगेको ६२ भागेका १० एक महिना २ महिनामा आफन्ती पत्ता लागेर जाने जना २९ जना बालबालिकाहरु बाल शान्ति गृहमा व्यवस्थापन भएको पालन पोषण तथा पठनपाठनमा उच्च शिक्षासम्मको व्यवस्था रहेको उच्च शिक्षा हासिल पश्चात बालगृह छाडेर गएको छ । ५ वर्षमा जम्मा २० जना उमेर पुगेर विवाह भएर गएको

४८. लैंगिक हिंसा निवारण कार्यक्रम

- लैंगिक हिंसा पुनर्स्थापना केन्द्र भवन निर्माण प्रक्रियामा
- लैंगिक हिंसा निवारण तथा प्रभावितका लागि महिला सेवा केन्द्र सञ्चालन र २७२ जनाले आश्रय तथा सेवा पाएको
- महिला पुरुष समविकास तालिम
- महिला पुरुषको सक्रिय सहभागिता नया नौलो कार्यक्रमप्रति चासो व्यक्त, महिलाको समस्याप्रति पुरुष चिन्तित रहेका, पुरुषहरुले महिलाहरुलाई घरको काममा सघाउनुका साथै स्वास्थ्य खानपान तथा अन्य कुराहरुमा विचार पु¥याउने प्रतिबद्धता गरेको । महिलाले पहिलेको तुलनामा आराम गर्ने मौका पाएको, पुरुषहरुले महिलालाई घरको काममा सघाउन थालेको, श्रीमतीलाई उपचार गर्नुपर्छ भन्ने धारणाको विकास भएको । छोराछोरीलाई स्याहार गरेको महिलाको प्रजनन् स्वास्थ्यमा सुधार आइरहेको समाजमा यसप्रति चासो बढेको ।
- लैंगिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) लैङ्गिक सम्बन्धी अभिमुखीकण लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) लैङ्गिक परिक्षण विषयगत महाशाखा तथा शाखा र २ वटा वडाको लैङ्गिक परीक्षण भएको
- सामाजिक विभेदको न्यूनीकरण छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्थामा क्षमता तथा चेतनामा अभिवृद्धि भएको
- विभिन्न विषयगत समिति गठन तथा बैठकमा विभिन्न नीतिगत निर्णय भएको
- लैंगिक हिंसा निवारण कोष स्थापना रु. २५००००।
- लैगिक तथा घरेलु हिंसा, बालमैत्री बालश्रम न्यूनीकरणका लागि चेतनामूलक अभियान, तालिम गोष्ठी, अभिमुखीकरण, प्रचार-प्रसार कार्यक्रम, यातायत, अटो मेकानिकल, सञ्चारकर्मी, नागिरक समाज तथा सरोकारवाला, विभिन्न संघसस्थाका सदस्यहरुको क्षमता तथा चेतनामा अभिवृद्धि भएको
- लैङ्गिक सामाजिक समावेशीकरण तथा प्रजनन स्वास्थ्य तालिम टोल विकास महिलाहरुको लागि

- महिलाहरुको नेतृत्व क्षमतामा वृद्धि निडर अफ्ना समस्याहरु राख्न सक्ने साहसी समुदायमा परेको समस्या सम्बन्धित ठाउमा पहल गर्न सक्षम भएको सामाजिक विकासका बजेटबाट कार्यक्रम सचालन गर्न तालिम तथा विभिन्न दिवसीय कार्यक्रम सक्षम भएको
- महिलाहरुको लागि समुदायमा आधारित सरक्षण तालिमबाट समुदायमा भएको विभिन्न घटनाहरुको संरक्षणमा सहयोग पुगेको जस्तै वेवारिसे मानवहरुको व्यवस्थापन, भएको अनाथ तथा जोखिममा रहेको बालबालिकाको व्यवस्थापनमा सहयोग र समन्वय लैंगिक हिंसा निवारणमा, बालश्रम, बालविवाह न्यूनीकरण तथा आय आर्जनका कुराहरुको लागि प्रत्यक्ष अप्रत्क्ष सहयोग र समन्वय र सहकार्य रहेको ।
- समानुपातिक सहभागिता वृद्धिका लागि स्थानीय तहबाट गठन हुने समिति उप-समितिहरू, कार्यदल गठन गर्दा समानुपातिक समावेशिताका लागि लक्षित तथा समानुपातिक सहभागितामा नीतिगत निर्णयहरु भई सहभागितामा वृद्धिका साथै संस्थागत भएको
- महिला सहकारी सस्था र जनप्रतिनिधिबीच व्यक्तित्व संरचनागत तथा व्यवसायिक विकासबारे समन्वय र सहकार्य रहेको

४९. महिला सशक्तिकरण

- सामाजिक समावेशी तथा महिला सशक्तिकरण तालिम समताको अवधारणा प्रक्रियागत रुपमा लागु भएको
- दलित समुदाय सशक्तिकरण आयआर्जनका साथै क्षमता अभिवृद्धिका भएको
- समयअनुसार प्रतिस्पर्धामा सफलता प्राप्त गर्न सक्ने क्षमताको विकास भएको
- आफू विचारधारा वा सिद्धान्तमाथि नियन्त्रण हासिल गर्ने कस्ने भएको महिला, दलित तथा अपांग सशक्तिकरण र अन्तरनिहित शक्तिको बोध भएको
- श्रोत र साधनमा पहुँच तथा नियन्त्रण गर्न सक्ने क्षमता वृद्धि भएको
- आर्थिक, सामाजिक तथा राजनीतिक पक्षमा सहभागितामा पहुँच तथा नियन्त्रण, उपभोग गर्न सक्ने, ज्ञान, सीप  क्षमताको अभिवृद्धि भएको
- आफू विरुद्ध हुने सबै प्रकारका भेदभाव र अन्यायको अध्ययन अनुसन्धान एवं विश्लेषण गरी त्यसबाट उत्पन्न समस्याको पहिचान गरी सो समस्या समाधान गर्न उचित निकास पत्ता लगाउन सक्ने क्षमताको विकास भएको
- मुक्त कमलरीहरुको सशक्तीकरण आयआर्जनका साथै क्षमता अभिवृद्धि भएको
- विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण, घर दैलो अभियान, होडिङ वोर्ड, फ्ल्याक्स वोर्ड, डिजिटल बोर्ड स्थापना, रेडियो माइकिङ, जस्ता जनाचेतनामूलक कार्यक्रमबाट समुदायमा चेतना अभिवृद्धि साथै बाल विवाह, बालश्रम, लैंगिक हिंसा तथा समुदायमा हुने कुरीती तथा विभेदहरु न्यूनीकरण भएको
- जेष्ठ नारिक अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम समाजमा वृद्धावस्थाबारे नकारात्मक धारणा हटाउनका साथै जेष्ठ नारिकहरुलाई समाजका हितमा सक्रिय बनाउ र उनीहरुमा रहेको असीम ज्ञान र अनुभवबाट समाजले फाइदा लिन समाजले जान्नु पर्दछ र समाजले नयाँ पुस्तालाई के सिकाउनु पर्दछ

प्रेम र सम्मान दिनु जरुरी छ जसले जेष्ठ नारिकहरुमा भएको सीप, ज्ञान र योग्यताको फाइदा प्राप्त गर्दै आर्थिक सक्रियता प्रदान गर्न सकेमा जेष्ठ नारिकहरु आश्रित पनि हुँदैनन् र समाजले सफलता पनि प्राप्त गर्न सक्छन् यसको लागि केही जेष्ठ नारिकहरुले, केही घरपरिवारले केही समाजले र केही सरकारद्वारा योगदान गर्नु पर्दछ भन्ने क्षमताको विकास भएको

- ➢ जेष्ठ नागरिक दिवासेवा केन्द्र संचालनमा कार्यालयबाट जेष्ठ नागरिकहरुको लागि गीता महाभारत देवीभागवत तथा अन्य किताव तथा वस्ने कुर्सी कुसन र कार्पेट लगायतका हार्मोनियम मादल पियानो अन्य बाजागाजाको व्यवस्था भएको र दिवासेवा केन्द्रमा जेष्ठ नागिरकहरु भेला भई भजनकीर्तन नाचगान गरेर रमाउने र हाँसीखुसी समय बिताउने स्थानको विकास भएको
- ➢ जेष्ठ नागिरकलाई सम्मान कार्यक्रमले आत्म सम्मान तथा हौसला वढेको
- ➢ यातायात व्यवसायीहरु र सरोकारवाला बीच जेष्ठ नागरिकलाई दिने सुविधा सम्बन्धी अन्तरक्रिया सवारी साधन तथा उपचारमा ५० प्रतिशत छुट र विभिन्न स्थानमा जेष्ठ नागरिकलाई लाइनमा वस्नु नपरेको प्राथमिकता दिने गरेको
- ➢ अपांग मानवअधिकार सरोकार मञ्च संचालन अनुदान अपांगता भएका व्यक्तिहरुको लगत संकलन अभिलेख तयार तथा कार्यक्रम भएको

५०. सिप विकास तथा आय आर्जन कार्यक्रम

- ➢ अपांगता भएका व्यक्तिहरुको लगत संकलन अभिलेख तयार तथा कार्यक्रम पुनर्स्थापना केन्द्र संचालनमा सहयोग खगेन्द्र नवजीवन संचालन १०० जना अनुदान प्रेणाका लागि अभियान २० जना अनुदान वेवारिसे मानव व्यवस्थापनका २० जना लागि मानव सेवा आश्रय तथा सेवा घर अनुदान आर्थिक रुपले विपन्न अपांगलाई सहायक सामग्री वितरण कार्यक्रममा ३५ वटा ह्वील चियर १५ जोर वैशाखी ५ वटा वाकर ५ वटा लट्ठी वितरण भएको
- ➢ एकल महिला तथा विधवा महिलाहरुको लागि सिप विकास तथा आय-आर्जन कार्यक्रममा ६० जनामा ३० जना मध्ये १५ जना कुखुरा पालन गरी रु. ५ लाख फाइदा गरेको ५ जना वगुर पालनबाट रु. चार लाख फाइदा भएको र ४ जना भैंसी पालनबाट ३,३ लाख फाइदा भएको र ६ जना बाख्रा पालन गरी ६ लाख अम्दानी भई व्यवसाय निरन्तर रहेको
- ➢ १ लाख ५० हजारबाट टमाटर खेती सुरु गरेका ४० जना महिलाहरुलाई सिप विकास तालिम टमाटर सस बनाउने तालिम दिए पश्चात हाल २२ विगहामा टमाटर खेती गरी वार्षिक प्रतिव्यक्ति रु. ५ लाखसम्म फाइदा भइ आर्थिक सशक्तिकरण भएको
- ➢ अपाङ्गता भएका व्यक्तिहरुका लागि सिप विकास तालिम (खगेन्द्र नवजीवन अपांग संघ)
- ➢ लोपोन्मुख, अल्पसंख्यक सिप विकास तालिम ६ जनाको
- ➢ मुश्लिम महिलाहरुलाई सिपमूलक तालिम तथा वस्तुगत टेवा छ व्यवसाय गरेको
- ➢ महिलाहरुको लागि अल्लो प्रशोधन तथा बुनाइ ३० जना महिला समूहले तालिम पश्चात सबैले व्यवसाय गरी रु. २५ लाख फाइदा लिई समुदायमा व्यवसाय विस्तारका साथै निरन्तरता दिएको
- ➢ युवा तथा महिलाहरुको लागि सिप विकास तथा आयआर्जन कार्यक्रम ९५ जनालाई तलिम तथा युवा

महिलाहरुको लागि सिप विकास तालिम पश्चात आय-आर्जन कार्यक्रममा वस्तुगत टेवा तथा मेशीनरी औजार सहयोग

**जनस्वास्थ्य प्रवर्द्धन**

५१. कार्यक्रम व्यवस्थापन गर्न ४ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेको

५२. एक वडा एक स्वास्थ्य केन्द्रको अवधारणा अनुसार सवै वडाहरुमा स्वास्थ्य संस्था संचालनमा रहेको साथै वडामा रहेका स्वास्थ्य संस्थाहरुको सवलीकरण सुदृढीकरण एवं भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइएको

५३. उपमहानगरपालिकास्तरीय अस्पताल स्थापनाका लागि संघीय सराकार र प्रदेश सरकारसँग समन्वय गरी वडा नं ४ लक्ष्मीपुरमा १५ शैयाको अस्पताल निर्माणका लागि कार्य अगाडि बढाइएको

५४. विपन्न नागरिक निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने नेपाल सरकारको नीति बमोजिम असहाय, अशक्त र आर्थिकरुपले विपन्न बर्गलाई मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर, कलेजोको रोगको उपचारमा निश्चित आर्थिक सहायता प्रदान गरिने छ साथै सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाइएको ।

५५. मानसिक संतुलन गुमाएका व्यक्तिहरूको व्यवस्थापन गर्न सम्बन्धित सरोकारवालाहरूलाई प्रोत्साहन गरिएको

५६. यस उपमहानगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा निःशुल्करुपमा उपलब्ध भएको र विशेषज्ञ सेवा प्राप्त गर्न प्रेषण सेवा संचालन भएको

५७. सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्न, शारीरिक र मानसिक रुपले अशक्तहरुलाई स्वास्थ्य सेवा उपलब्ध भएको साथै कुनै पनि नागरिकलाई आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नदिन आवश्यक व्यवस्था मिलाइएको

५८. आयुर्वेद उपचार र वैकल्पिक चिकित्सा प्रणालीको समेत समुचित प्रयोग गरी प्रतिरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक सेवामा सबै नागरिकको सहजका लागि रामपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र र नारायणपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्रमा आयुर्वेद सेवा पुऱ्याएको

५९. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य शिविर उपचार कार्यक्रमलाई निरन्तरता दिइदै स्वास्थ्यकर्मीको व्यवस्था गरी ७० वर्ष माथिका नागरिकको स्वास्थ्य परीक्षणको लागि घुम्ती टोलीको ब्यबस्था गरी जेष्ठ नागरिकहरुलरुले स्वास्थ्य सेवा पाएको

६०. संक्रामक महामारी रोग फैलन नदिन सेवा केन्द्रसम्म नै सतर्कता अपनाउनुका साथै आपतकालीन अवस्थामा तत्कालै परिचालन हुन सक्ने गरी टोली गठन गरिने छ। साथै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनीयतामा वृद्धि गरिएको

६१. थारु समुदायलाई बढी ग्रसित पारेको सिकल सेल एनिमिया निदान गरी सोबाट हुने मानवीय क्षति कम गर्न निःशुल्क ल्याव परीक्षणको व्यवस्था मिलाएको जसअनुसार मिति २०७६ साल असार महिनामा घोराही वडा नं. २, ७ र १० मा सिकलसेल एनिमिया शिविर संचालन भएको र रामपुर नारायणपुर स्वास्थ्य चौकी र लक्ष्मीपुर स्वास्थ्य चौकी चौकीमा न्यूनतम सेवासहितको प्रयोगशाला सञ्चालन

भएको र ढिकपुर स्वास्थ्य चौकीमा प्रयोगशाला प्रक्रियामा रहेको

६२. उपमहानगरवासी विशेष गरेर सिकलसेल एनेमिया, थाल्सेमिया र प्रसूती सेवाका बिरामीहरुका लागि रगत निःशुल्क प्रदान गर्न नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा नगर प्रमुख रक्त संचार सेवा संचालन गरिएको ।

६३. सुरक्षित सुत्केरी अभियानलाई प्रोत्साहन गर्न उपमहानगरपालिकाको तर्फबाट आमा खुत्रुके बचत कार्यक्रम लागु गरी प्रसूति अवस्थामा रु. १०००। उपलब्ध गराइएको ।

६४. आर्थिक रुपले विपन्न वर्गका जन समुदायलाई आकस्मिक स्वास्थ्य सेवाको लागि सुविधायुक्त अस्पतालसम्मको पहुँच विस्तार गर्न उपमहानगरपालिकामा एम्बुलेन्स आकस्मिक कोषको स्थापना भएको

६५. नियमित संचालनमा रहेका वाह्य खोप केन्द्र गाउँघर क्लिनिकलाई थप सुविधायुक्त गरिएको

६६. आयुर्वेदको विकासमा जोड दिंदै योग शिविरलाई संस्थागत तथा स्वास्थ्यको प्रणालीको सूचकमा ल्याउँदै रामपुरमा योग भवन निर्माण भएको

६७. संक्रामक महामारी रोगको प्रभावकारी नियन्त्रण गर्न तल्लो इकाईसम्म महामारी रोग तथा विपद व्यवस्थापनको पूर्व तयारी टिमलाई सशक्त बनाइएको

६८. स्वास्थ्य सेवातर्फ राप्ती आँखा अस्पताल तुलसीपुरको प्राविधिक सहयोगमा ३४१ जना मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया, नगर प्रमुख रक्त संचार कार्यक्रम अन्तर्गत ४८....... जनालाई निःशुल्क रगत प्रदान, १७५ जना उपप्रमुख खुत्रुके बचत कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन् । त्यस्तै जेष्ठ नागरिक घरदैलो कार्यक्रम, पिएनसी भिजिट कार्यक्रम, निःशुल्क औषधि वितरण कार्यक्रम, खोप कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, परिवार नियोजन कार्यक्रम, स्वास्थयकर्मीद्वारा होम आइसोलेसनमा बसेका कोभिड बिरामीहरुको परामर्श तथा घरभेट कार्यक्रम, चिकित्सक सहितको घुम्ती टोलीद्वारा कोभिड बिरामीको उपचार तथा परामर्श कार्यक्रम सम्पन्न भएका छन् । कोभिड- १९ महामारी रोकथाम र नियन्त्रणका लागि हालसम्म ८,५०४ (आठ हजार पाँच सय चार) जनालाई कोभिसिल्ड भ्याक्सिन र २,६८३ (दुई हजार छ सय त्रियासी) जनालाई भेरोसिल भ्याक्सिन गरी जम्मा ११,१८७९ एघार हजार एक सय सत्तासी जनालाई कोभिड बिरुद्ध खोप लगाई सकिएको छ भने ११,१३९९ एघार हजार एक सय उनन्चालीस जनाको एन्टिजेन परीक्षण गरिएको छ ।

६९. कोभिड- १९ महामारी रोग दोस्रो चरणको संक्रमणले आक्रान्त पारी घोराही उपमहानगरपालिकामा एक्कासी देखा परी महामारी नियन्त्रण गर्न निकै चुनौती बन्दै आएको अवस्थामा तत्कालै राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान र कोरोना बिशेष अस्पताल, बेलझुण्डीमा कोभिड बिरामीहरुलाई उपचारको व्यवस्था मिलाइएको र समुदायमा निःशुल्क एन्टिजेन बिधिबाट कोभिड परीक्षणको दायरा बढाएकोले बिरामीको रोकथाम तथा नियन्त्रणमा धेरै हदसम्म सफलता हासिल गरिएको

७०. कोभिड- १९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्न आवश्यक पूर्वाधार, अत्यावश्यक औषधि, स्वास्थ्य उपकरण तथा पर्याप्त जनशक्तिको व्यवस्था मिलाइएको

७१. आधारभूत स्वास्थ्य सेवा तथा आकष्मिक सेवालाई निःशुल्क प्रदान भएको

**सामाजिक सुरक्षा तथा पंजीकरण**

७२. घोराही उपमहानगरपालिकाभित्र रहेका १९ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको नामावली दर्ता अनलाइनबाट गरिने र लाभग्राहीहरुको भत्ता वितरण कार्य बैंकिङ प्रणालीबाट भएको

७३. घोराही उपमहानगरपालिकाभित्र रहेका १९ वटै वडाहरुका व्यक्तिगत घटना दर्ता गर्ने कार्य अनलाइन मार्फत हुने व्यवस्था भएको

७४. व्यक्तिगत घटना दर्ताका पुराना अभिलेख तथा वडाहरुमा रहेका सूचना फारामहरुलाई फाइलिङ गर्ने कार्य सम्पन्न गरिएको

७५. व्यक्तिगत घटना दर्ताका सम्पूर्ण अखिलेखहरुलाई अनलाइनमा प्रविष्ट डिजिटाइजेशन गर्ने कार्य सम्पन्न गरिएको ।

**पूर्वाधार विकास**

७६. एकीकृत शहरी विकास योजना निर्माण भई कार्यान्वयनमा रहेको

७७. भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि, २०७५ निर्माण तथा कार्यान्वयन

७८. तलाउ संचालन तथा व्यववस्थापन कार्यविधि, २०७६

७९. उपमहानगरपालिकास्तरीय अस्पताल स्थापनाका लागि संघीय सराकार र प्रदेश सरकार संग समन्वय गरी वडा नं. ४ लक्ष्मीपुरमा १५ शैयाको अस्पताल निर्माणका लागि कार्य अगाडि बढाइएको

८०. यस ५ वर्षको अवधिमा मुख्य रुपमा जम्मा १९३ वटा स्थानीय सडकहरुमा करिब १४० किलोमिटर सडक कालोपत्रे, १८७ किलोमिटर सडक ग्राभेल तथा स्तरोन्नति, १५२ किलोमिटर नयाँ सडक निर्माण, ४० किलोमिटर सडक नियमित मर्मत भएका छन् भने ६७ वटा स्थानीय पुल, कलभर्ट निर्माण, २ वटा झोलुङ्गे पुल निर्माणले सबै वडाहरुलाई सहज सडक संजालले जोडी सामाजिक जीवनलाई सरल तुल्याएको छ यसले जनताको आर्थिक स्थितिमा सुधार भएको छ ।

८१. नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति अनुरुप थप ३४०२ घरपरिवारलाई खानेपानी सुविधा उपलब्ध भएको, ८५ वटा कुवा निर्माण, ४० वटा डिप बोरिङ निर्माण भई करिब ९५ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानी सुविधाको पहुँच पुगेको छ ।

८२. यस अवधिमा १९ वटा नयाँ पार्क निर्माण, १ वटा स्यानेटरी ल्यान्ड फिल साइटको निर्माण, ५९.९१ किलोमिटर ढल निर्माण, २८ किलोमिटर नदी नियन्त्रणको काम भएको छ ।

८३. वहुपक्षीय विकासमा टेवा पुऱ्याउने ४३ वटा कृत्रिम जलाशय निर्माण, ६३५ हेक्टर जमिनमा साना सिंचाई, ५ वटा वैकल्पिक ऊर्जा उत्पादनको लागि सोलार जडान, ६८ कि.मि. विद्युतीय प्रसारण लाइन विस्तार, ५ वटा सौर्य उर्जा जडित प्लान्ट निर्माणले सिँचाईमा सुविधा भएको र कृषि उत्पादनमा वृद्धिलगायत पर्यावरण सन्तुलन, पर्यापर्यटनको विकास भई नगरवासीहरुको आर्थिक तथा समाजिक जीवनस्तर वढेको छ ।

८४. यस अवधिमा १३ वटा खेलकुद मैदान निर्माण, ४ वटा रंगशाला निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, १ वटा हाटबजार व्यवस्थापन, १ वटा मुक्त कमलरी भवन निर्माण, स्तनपान भवन निर्माण,

१५ वटा नयाँ विद्यालय भवन निर्माण, २२ वटा विद्यालयमा नयाँ कक्षाकोठा थप निर्माण तथा मर्मत २३ वटा स्वास्थ्य संस्था भवन निर्माण, १ वटा योगा हल निर्माण, ४ वटा कभर्ड हल निर्माण, १ वटा ध्यान केन्द्र निर्माण, १४ वटा यात्रु प्रतीक्षालय निर्माण र ३३ वटा सामुदायिक भवन निर्माण भएका छन् ।

८५. त्यसैगरी ८ वटा सार्वजनिक शौचालय त्यसैगरी ५ वटा दिप्सना भवा केन्द्र १४ वटा मठ मन्दिर गुम्वा मदर्शाहरुमा भौतिक निर्माण, १४ वटा वडा कार्यालय भवन निर्माण र ७ वटा वडा कार्यालय भवन तथा कोठा मर्मत गरिएको, खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत हालसम्म १४०० घरधुरीमा टीनको छाना लगाइएको । यस अवधिमा ३३ किलोमिटर तारवार निर्माण, २३ वटा भुयाँर थान निर्माण भएको छ भने वालिम खोला पक्की पुलको डिपीआर तयार भएको छ। यसैगरी घोराही उपमहानगरपालिकाको आफ्नै प्रशासनिक भवनको लागि ठेक्का संझौता भइ कार्यान्वयनको चरणमा छ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन र सरसफाई**

८६. विभिन्न ७ वटा कार्यविधि तथा मापदण्डहरु तयार भई कार्यान्वयनमा रहेको

८७. आपतकालीन कार्य संचालन केन्द्रको स्थापना

८८. सुरक्षित आवास कार्यक्रम अन्तर्गत क्षेत्र नं. १ अन्तर्गत १८६ र क्षेत्र नं. २ अन्तर्गत ५१८ गरी जम्मा ७०४ घर निर्माण

८९. खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत वडा नं. १ मा ४०, वडा नं. ६ मा ८, वडा नं. ७ मा ३५ वडा नं. ९ मा ९४, वडा नं. १४ मा १ र वडा नं. १७ मा ५ गरी जम्मा १८३ आवास निर्माण भएका छन् ।

९०. घोराही उपमहानगरपालिकाभित्र ६ स्थानमा विपद् जोखिम न्यूनीकरणका लागि समयमा नै सूचना प्राप्त गर्न सकिने आधुनिक पूर्व सचेतना प्रणाली (Early Warning System) जडान भएको छ।

**सरसफाई व्यवस्थापन**

९१. घोराही उपमहानगरपालिकाको समग्र फोहरमैला व्यवस्थापन गर्न ठोस आधार नभएकोले फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन कार्यविधि, २०७४ वनाएको ।

९२. घोराही उपमहानगरपालिका वजार क्षेत्रवाट निस्कने गल्ने फोहर व्यवस्थापन गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको संझौता अनुसार घोराही उपमहानगरपालिका वडा नं. १६ करौंतीडाँडामा वायोग्याँस निर्माण कार्य सम्पन्न भई ग्याँस उत्पादन शुरु भएको ।

९३. सरसफाइमा कृषक तथा व्यवसायीहरुलाई प्रोत्साहन गर्न एकीकृत वधशाला निर्माण कार्य घोराही उपमहानगरपालिका कपासी वगिया टोलमा सुरुवात भइ निर्माणाधिन प्रक्रियामा रहेको ।

९४. घोराही उपमहानगरपालिकाभित्र खानेपानीको समस्या भएकोले वडास्तरीय खानेपानी तथा स्वच्छता (वास) तयार गरी तथ्याङ्क संकलक गणकहरुमार्फत संकलित तथ्याङ्कको आधारमा पिउने पानी सम्बन्धी योजना छनौट गरी कार्यान्वयनमा रहेको ।

९५. घोराही उपमहानगरपालिका क्षेत्रभित्र पर्ने कृष्णसेन मार्गको तुलसीपुर चोकदेखि कटुवाखोला र

घोराही प्यूठान सडक खण्डको नवलपुर टोलसम्म ग्रिनवेल्ट निर्माण गरी हरियाली सौन्दर्यताका लागि उपयुक्त प्रजातिका विरुवाहरु रोपिएको ।

९६. सार्वजनिक स्थानमा छरिएर रहेका पशु चौपायाले सडक दुर्घटना र वातावरण तथा सरसफाईमा समस्या सिर्जना गरेकाले ती सामुदायिक पशु चौपायालाई व्यवस्थित गर्न घोराही- २ चाक्लीघाटमा गौशाला निर्माण गरी व्यवस्थापन गरिएको ।

**संस्थागत विकास तथा सुशासन**

९७. सामान्य व्यवस्थापन अन्तर्गत १४ वटा विभिन्न ऐन नियमावली कार्यविधि तथा मापदण्डहरु निर्माण भई कार्यान्वयनमा रहेको

**सूचना तथा संचार प्रविधि**

९८. सूचना तथा संचार प्रविधि अन्तर्गत ३ वटा कानून निर्माण भइ कार्यान्वयनमा रहेको

९९. सबै वडा कार्यालयहरुमा सूचना प्रविधि उपकरण तथा इन्टरनेट जडान भई विद्युतीय शासनसँग सम्बन्धित इ-सेवाहरु अनलाइन घटना दर्ता, अनलाइन राजस्व संकलन लगायतका सेवाहरु वडास्तर मै संचालन भई सम्मानित जनतालाई सहज सेवा पुऱ्याइएको छ । सबै स्वास्थ्य संस्था तथा सेवा इकाइहरुमा इन्टरनेट जडान भई रिपोर्टिङ तथा अन्य काममा सहजता भएको छ ।

१००. सूचना प्रविधि प्रणालीहरु संचालनमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गरी जनसेवा प्रदान गर्नको लागि आवश्यक सिप हस्तान्तरण भएको छ ।

१०१. नेपाल पत्रकार महासंघ, दाङ शाखालाई संस्थागत विकास अनुदानमार्फत नेपाल पत्रकार महासंघको भवन रंगरोगन तथा हल व्यवस्थापन भएको छ ।

१०२. वेबसाइट, ग्रुप एस.एम.एस., डिजिटल सूचना पाटी, मल्टिमिडिया, सामाजिक संजाल लगायतका माध्यमहरु प्रयोग गरी सूचना प्रवाहलाई प्रवाभकारी बनाइएको छ ।

१०३. रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम तथा छापा लेखको माध्यमबाट सम्मानितलाई जनतालाई सुचित गराउनुका साथै जनतासँग स्थानीय सरकारको सम्बन्ध बिस्तार गरिएको छ ।

१०४. हालसम्म १० पटक सार्वजनिक सुनुवाइका कार्यक्रमहरु संचालन गरी सम्मानित जनताबाट सुझावहरु ग्रहण गरी कार्यन्वयन गरिएको छ ।

१०५. विभिन्न सूचना प्रविधि प्रणाली तथा सफ्टवेयरहरुको स्थापना तथा कर्मचारीहरुको प्रकाशन सूचना प्रविधि सम्बन्धी सिप विकास गरी कार्यालयको सेवाहरु सूचना प्रविधिमैत्री बनाई सुशासनको लागि विद्युतीय शासन संचालन गरिएको छ ।

१०६. हालसम्म ७८ वटा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन भएका छन् । विभिन्न सरकारी दस्तावेजहरु सरकारी कामकाजको भाषाको रुपमा स्वीकृत थारु भाषामा समेत अनुवाद गरिएको छ ।

१०७. चौमासिक तथा वार्षिक रुपमा योजना तथा कार्यक्रहरुको प्रगतिको समीक्षा गरी सुधारका पक्षहरुको पहिचान गरी नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन भएका छन् ।

१०८. तथ्यांकहरुको बैंक नगर प्रोफाइलको निर्माण गरी सूचनाको पहुँचमा वृद्धि भएको छ ।

१०९. आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा क्रमशः ८४.२५ र ८९.५ अंक प्राप्त गर्न सफल भई संस्थागत क्षमता सुधार भएको छ ।

११०. स्वतः प्रकाशन तथा सूचना अधिकारीको व्यवस्था गरी नागरिकको सूचनाको हक प्रत्याभूति गरिएको छ ।

१११. माग भए बमोजिमका सूचनाहरु प्रदान गरिएको यसले पारदर्शिता र जवाफदेहिताको संस्कारको विकास भई स्थानीय सरकारप्रति जनताको विश्वास बढेको छ ।

११२. संघ तथा प्रदेश सरकारलाई नियमित रुपमा प्रतिवेदनहरु सम्प्रेषण गरिएको छ । अन्तर पालिका, संघ र प्रदेश सरकारहरुसँग समन्वय गरी विभिन्न योजनाहरु संचालनमा रहेका छन् ।

**राजस्व सुधार**

११३. २ वटा कार्यविधि निर्माण भएका छन् ।

११४. प्रत्येक आ.व. मा आर्थिक ऐनहरु निर्माण हुने गरेको

११५. राजश्व सुधार योजना २०७४ र राजश्व सुधार योजना २०७८/०७९ तयार भइ कार्यान्वयनमा रहेको

११६. सवै वडाहरुवाट सफ्टवेयर प्रणालीमार्फत राजश्व संकलन गरेको

११७. राजश्वमा काम गर्ने कर्मचारीहरुलाई राजश्व संकलन तथा अन्य सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गरेको

११८. राजश्व सुधार योजना अनुसार करका दायरा बढाई संकलित राजश्व रकम बृद्धि भैरहेको

**कानुन तथा न्याय**

११९. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने (कार्यविधि सम्बन्धमा) व्यवस्था गर्न बनेको ऐन, २०७४

१२०. घोराही उपमहानगरपालिकाको न्यायिक समितिको बैठक संचालन सम्बन्धी निर्देशिका, २०७५

१२१. नगर तथा वडास्तरीय मेलमिलाप केन्द्र गठन भए पश्चात विवाद समाधान तथा मेलमिलापको लागि सहजता भएको ।

१२२. न्यायिक कार्यविधिको निर्माण भएकोले न्याय सम्पादन प्रक्रियामा सहजता भएको ।

१२३. संशोधित कानुनी व्यवस्थाबारे जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण कार्यक्रमले गर्दा संशोधित कानुनी प्रावधानबारे जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जानकारी प्राप्त भएको ।

१२४. सूचीकृत मेलमिलापकर्तालाई पुनर्ताजकीय तालिम सञ्चालन गरिएको जसले गर्दा मेलमिलापकर्तालाई मेलमिलाप गराउन सहजता भएको ।

१२५. पीडित असहाय अशक्तहरुलाई निःशुल्क कानुनी सहायता तथा पुनर्स्थापना कोषको स्थापना गरिएको ।

१२६. न्यायिक समितिलाई न्यायिक सम्पादनको अधिकार हुँदा हरेक वर्गलाई न्यायिक प्रक्रियामा आर्थिक खर्च तथा लामो र झन्झटिलो अदालती प्रक्रियमा सहज भएको ।

१२७. न्यायिक समितिबाट विवाद समाधान हुँदा हार जित भन्दा दुबै पक्षलाई जित जितको महसुस हुने गरेको ।

१२८. अघिल्लो आर्थिक वर्षमा दर्ता भई जिम्मेवारी सरेका विवाद समेत गरी तपसिलमा उल्लेखित विवादको दर्ता तथा फर्छ्यौट गरिएको ।

| सि. नं | आ. व. | नयाँ दर्ता | सरी आएका विवाद समेतका विवाद फछ्र्यौट |
|---|---|---|---|
| १ | २०७४/२०७५ | २५६ | १०५ |
| २ | २०७५/२०७६ | २०६ | २२३ |
| ३ | २०७६/२०७७ | १५४ | १९० |
| ४ | २०७७/२०७८ | १४७ | १४० |
| ५ | २०७८/२०७९ | ११६ | १५७ |
| जम्मा | | ८७९ | ८१५ |

१२९. आ. व. २०७४/२०७५ देखी २०७८/२०७९ सम्म विभिन्न शीर्षकमा दर्ता भई फर्छ्यौट भएका मुद्दाको विवरण

| मुद्दाको विवरण | लगत | फछ्यौट | बांकी |
|---|---|---|---|
| लेनदेन | १४९ | १४१ | ८ |
| जग्गा विवाद | २७८ | २५७ | २१ |
| कुलो नालापानी | १८ | १८ | ० |
| घर भाडा | ११ | ११ | ० |
| अन्य | ११३ | १०३ | १० |
| वातावरण | ९ | ८ | १ |
| घरेलु हिंसा | १०८ | १०६ | २ |
| गाली वेइज्जती | ४ | ४ | ० |
| जग्गा रोक्का/ खाता रोक्का | १५२ | १३२ | २० |
| कुटपीट लुटपीट | ४ | ४ | ० |
| मानाचामल | ३३ | ३१ | २ |
| जम्मा | ८७९ | ८१५ | ६४ |

## भूमि व्यवस्थापन

१३०. नेपाल सरकारले २०७६ चैत्रमा भूमि सम्बन्धी समस्या समाधान आयोग गठन भई देहाय बमोजिम कार्यारम्भ भएको थियो ।

१३१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यस्थित बसोवासीको पहिचान र प्रमाणिकरणको आधार र मापदण्ड मिति २०७७।८।११ गतेदेखि लागु हुने गरी स्वीकृत भएको थियो ।

१३२. आयोग र स्थानीय तह (घोराही उपमहानगरपालिका) बीच मिति २०७७।०८।२८ गतेका दिन सम्झौता सम्पन्न भई घोराही उपमहानगरपालिकामा लगत संकलनको लागि मिति २०७७।१०।०९ गते ३५ दिने म्याद सहितको सूचना प्रकाशन भएको थियो ।

१३३. लगत संकलन लगायत भूमिहीनहरुका विविध समस्याहरुमा सहजता ल्याउनका लागि मिति २०७७।११।०३ गते नगर प्रमुखको संयोजकत्वमा ११ सदस्यीय नगरस्तरीय सहजीकरण समिति गठन भई लगत संकलन र लगत प्रविष्टि लगायत नाप नक्सा सम्बन्धी सम्पूर्ण कामहरु सम्पन्न गर्नका लागि देहाय बमोजिमका कर्मचारीहरुलाई मिति २०७७।१०।२५ गतेदेखि लागु हुने गरी करार सम्झौता गरी काममा खटाई १० वर्ष वा १० वर्षभन्दा बढी समयसम्म आमोदकमौद गरेको सम्पूर्ण ऐलानी जग्गाको लगत लिने काम सम्पन्न गरी लगत प्रविष्ट गर्ने काम भइरहेको

१३४. मिति २०७७ साल फाल्गुण १३ गतेको म्यादभित्र संकलन भएको तथ्यांक विवरण अनुसार

| | |
|---|---|
| भूमिहीन दलित/भूमिहीन सुकुम्बासी | ५,०८२ |
| अब्यवस्थित बसोवासी | ११,०६८ |
| जम्मा | १६,१५० थान |

१३५. लगत प्रविष्टिको को काम जम्मा ८५० थान भएको ।

# खण्ड- १ परिचय

१.१ भौगोलिक परिचय/घोराही उपमहानगरपालिकाको अवस्थिति




घोराही उपमहानगरपालिका ८२.३३६७३° पूर्वी देशान्तरदेखि ८२.६२४०६° पूर्वी देशान्तरसम्म र २७.८९९०१° उत्तरी अक्षांशदेखि २८.१५३९° उत्तरी अक्षांशसम्म फैलिएको छ । यो पालिका समुद्र सतहबाट ६०० मिटरको उचाई अवस्थित छ ।

लुम्बिनी प्रदेश अन्तर्गत पर्ने दाङ उपत्यकामा अवस्थित घोराही उपमहानगरपालिका क्षेत्रफलका

हिसाबले नेपालकै ठूलो उपमहानगरपालिका हो । चुरे र महाभारत पर्वतले घेरेको एशियाकै दोस्रो ठूलो उपत्यका दाङ उपत्यकाको पूर्वी भाग र केही पहाडी इलाकामा फैलिएर कूल ५२२.२१ बर्ग किलोमिटर क्षेत्रफल रहेको उपमहानगरपालिकाको पूर्वमा बंगलाचुली गाउँपालिका, पश्चिममा तुलसीपुर उपमहानगरपालिका, उत्तरमा रोल्पा जिल्लाको रुन्टीगढी गाउँपालिका र दक्षिणमा लमही नगरपालिकाले घेरिएको छ । यो उपमहानगरपालिका नेपालको राजधानी काठमाडौंबाट ४११ कि.मि. पश्चिम दिशामा अवस्थित छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस उपमहानगरपालिकाको जनगणना घर संख्या ४५२४० परिवार संख्या ५१६१९ र कूल जनसंख्या २०१०७९ जना जसमध्ये पुरुषहरुको जनसंख्या ९४३८४ जना र महिलाहरुको जनसंख्या १०६६९५ जना रहेको छ । त्यसैगरी, जनघनत्व ३८५ जना प्रति वर्ग कि.मि. छ । नेपाली, थारु र मगर खाम यस नगरको स्थानीयस्तरमा बोलिने प्रमुख भाषाभित्र पर्दछन् भने हिन्दू, बौद्ध र मुस्लिम नगरवासीहरुले मान्ने मुख्य धर्म हुन् ।

### १.२ नामाकरण र ऐतिहासिक पृष्ठभूमि

जिल्लाको सदरमुकाम केन्द्र रहेको यस उपमहानगरपालिका वि.सं. २०३५ माघ १५ त्रिभुवन नगरपालिकाको रुपमा स्थापना भएको र वि.सं. २०६५ कार्तिक २० गते नेपाल सरकारको निर्णयानुसार त्रिभुवन नगरपालिकाको नाम संशोधन भएर घोराही नगरपालिका भएको थियो र संघीय नेपालको नयाँ संरचनाको रुपमा मिति २०७३।११।२२ गतेको नेपाल सरकारको निर्णय र मिति २०७३।११।२७ मा राजपत्रको सूचना प्रकाशन गरी घोराही उपमहानगरपालिकाको रुपमा स्थापना भएको थियो ।

घोराही कहिलेदेखि दाङ जिल्लाको प्रशासनिक केन्द्रको रुपमा विकास भयो र यसको नामाकरण कसरी हुन गयो भन्ने विषयको सर्वमान्य तथ्य उपलब्ध हुन सकेको छैन । टेकनाथ गौतमका अनुसार (२०५०:८६-८९) वि.सं. १९६५ मा देवीकोटमा डुडुवा अमिनी र हुलाक स्थापना भएको र त्यसको शाखा छिल्ली विजौरीमा छोटी अमिनी खुलेको जानकारी पाइन्छ । देवीकोट दाङ जिल्लाको छेउमा रहेको कारण दाङ देउखुरीको बीचमा पर्ने सरीकोटमा वि.सं. १९७५ मा देवीकोटको सो डुडुवा पहाड अमिनी सारिएको देखिन्छ । यसै क्रममा वि.सं. १९९६ मा देउखुरी घोराहामा पुलिस इन्सपेक्टर कार्यालय बसेको र यसै वर्ष देवीकोटमा रहेको हुलाक घोराहीमा सरेको बुझिन्छ । यी सूचनाले वि.सं. १९७५ मा सरीकोटमा डुडुवा अमिनी स्थापना हुनुलाई घोराही दाङ जिल्लाको प्रशासनिक केन्द्र बन्ने कार्यको पृष्ठभूमिका रुपमा लिनु पर्दछ ।

घोराही उपमहानगरपालिका घोराही बजारको नामबाट रहन गएको हो । थारु भाषामा घोडालाई घोरवा भन्ने गरिन्छ घोराही बजार विस्तार पूर्व जुम्ला, डोल्पा, रुकुम लगायतका जिल्लाहरुबाट यहाँ वर्षेनी धेरै घोडा चराउनका साथसाथै विक्री गर्नका लागि ल्याइने गरिन्थ्यो । लामो समयसम्म घोडा चराउने वास

बस्ने यो ठाउँ घोडाबाट अपभ्रंश हुँदै घोराही रहन गएको हनुपर्ने तर्कहरु यहाँका जेष्ठ नागरिकहरुको छ।

दाङ जिल्लामा २ उपमहानगरपालिका, १ नगरपालिका र ७ गाउँपालिका गरी जम्मा १० वटा स्थानीय तह रहेका छन् । यी १० वटा स्थानीय तहहरु मध्ये घोराही उपमहानगरपालिका प्राकृतिक सुन्दरताले भरिपूर्ण साथै महाभारत र चुरे पहाडको काखमा रहेको प्रचुर सम्भावनायुक्त उपमहानगरपालिका हो । यस उपमहानगरपालिकामा विभिन्न पर्यटकीय स्थलहरु जस्तैः प्राकृतिक तथा कृत्रिम जलाशयहरु, नदीहरु, विभिन्न लोक संस्कृति झल्कने नाच, भाषा, लिपि, रहन सहन, चाल चलनहरु, प्याराग्लाइडिङ तथा विभिन्न कलात्मक मठ-मन्दिर र होमस्टेहरु रहेका छन् ।

घोराही उपमहानगरपालिका समृद्धिको बाटोमा अगाडि बढिरहेको छ । यस उपमहानगरपालिका देशकै उत्कृष्ट तथा विकसित र प्रविधिमैत्री बन्दै गएको छ । घोराहीको पहिचानका लागि मुख्य चोकमा घोडाको प्रतिमा राखिएको छ । घोराही उपमहानगरपालिकाले स्थानीय सरकारको अभ्यास गर्ने क्रममा विभिन्न कठिनाई र अप्ठ्यारोलाई पार गर्दै आजको समृद्ध घोराहीको रुपमा परिचय गराएको छ ।

**१.३ प्राकृतिक तथा सांस्कृतिक अवस्था**

यस उपमहानगरपालिकामा विभिन्न पोखरी तथा केही नदीनाला रहेका छन् । पोखरी तथा नदीनालाहरु स्थानीय जल पर्यावरणीय प्रणालीका आधारहरु हुन् । अर्थात उपमहानगरपालिका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका खोलानाला र पोखरीहरू पर्यावरणका अभिन्न पक्षहरु हुन जसले विभिन्न किसिमका जलचरहरू र पन्छीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता पोखरीहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास, भूमण्डलीय तापक्रमको वृद्धि, जलवायु परिवर्तन, मानवीय गतिविधिको चापका साथै पशुहरूको लागि अत्यधिक चरीचरण र उपयोगले प्राकृतिक पानीका स्रोतहरुमा भूक्षय भई पुरिने र सुक्ने क्रम जारी छ । यस्ता प्राकृतिक खोलानालाहरु तथा पोखरी निर्माण वा पोखरीको पुनरुत्थान गरी माछा पालन गरेमा उपमहानगरपालिकाका जनताका लागि आवश्यक माछाको आपूर्ति हुने मात्र नभई कतिपय स्थानहरुलाई पर्यटकीय आकर्षणको रुपमा समेत विकास गर्न सकिने देखिन्छ।

घोराही उपमहानगरपालिकामा किचेनी दह, चरिंगे दह, भोटे दह, लरैना दह, बाह्रकुने दह, ज्यामिरे दहहरु आदि रहेका छन् । यस क्षेत्रमा विभिन्न खोलानालाहरु रहेका छन् जसले घोराहीको प्राकृतिक सौन्दर्यता बढाउनुका साथै सिंचाई तथा माछा पालनको लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको

प्राकृतिक निधिहरु हुने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पत्तिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मूलभूतरुपमा पर्यटनमार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

घोराही उपमहानगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृंखलाहरुको रमणीयतामा आन्तरिक तथा वाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । घोराही उपमहानगरपालिकामा रहेको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता नै यहाँको पर्यटक आकर्षण हो ।

# खण्ड- २ आर्थिक विकास

## २.१ पृष्ठभूमि

घोराही नगरपालिकाको योजनाबद्ध र सन्तुलित विकासको लागि कृषिमा औद्योगिकरण, पशुपंक्षी विकास, उद्योग व्यावसाय, पर्यटन प्रवर्द्धन तथा सहकारिताको विकासमार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको प्रभावकारी कार्यान्वयनबाट उपमहानगरपालिकाको आर्थिक विकास गर्न सकिन्छ ।

## २.२ विद्यमान अवस्था, सम्भावना र अवसर

घोराहीमा कूल जग्गा क्षेत्रको ४२.५१% प्रतिशत खेतीयोग्य छ, जसमध्ये अधिकांश खेतीयोग्य जमिन बाँझो अवस्थामा छ । खेतीयोग्य जमिन पूर्ण रूपमा उपयोग भएको छैन । अहिले पनि निर्वाहमुखी खेती प्रणालीबाट नै खेतीपाती गरिन्छ । व्यावसायिक खेतीका लागि सिंचाई, सडक, उत्पादन संकलन केन्द्र, प्रशोधन केन्द्र, कोल्ड स्टोर, बिजुली उत्पादन र प्राविधिक जस्ता भौतिक पूर्वाधार आवश्यक छ । व्यावसायिक कृषि र पशुपालनका लागि भौतिक पूर्वाधार विकासको अतिरिक्त, नगरपालिकाले युवाहरूलाई कृषिमा आकर्षित गर्न सक्षम हुनुपर्दछ । कृषिमा आधुनिकीकरण व्यवसायिकरण गर्न सकिदैन जबसम्म शिक्षित व्यक्ति कृषि पेशामा संलग्न हुँदैनन् । परम्परागत प्रणाली व्यावसायीकरणको लागि सम्भव छैन । किसानहरूले सम्मान र विशेष ध्यान दिनुपर्छ । वाणिज्य कृषि र पशुपालन खेती घोराही शहरको विकासको मुख्य आधार हो जसले सर्वसाधारणलाई आर्थिक समृद्धि दिनेछ । व्यावासायिक कृषिका लागि बजारीकरण र पूर्वाधार विकास दुबैलाई प्राथमिकता दिन जरुरी देखिन्छ । केही कृषि उत्पादनहरू ठूलो बजारमा सहज पहुँचको अभावका कारण धराशाही भएका छन् । कृषिको व्यावसायीकरणको साथसाथै कृषि उत्पादनमा आधारित साना र घरेलु उद्योग स्थापना र सञ्चालनमा ल्याउन जरुरी देखिन्छ । शहरभित्रका कृषिजन्य उत्पादनलाई उचित मूल्यका लागि नगरपालिकाले वातावरण प्रदान गरी सर्वसाधारण किसानको आम्दानी बढाउन साना र घरेलु उद्योगको स्थापनामा जोड दिइनु पर्दछ । घरेलु उद्योगहरूमा प्राविधिक सहयोग, टमाटर ससको स्थापनामो आर्थिक सहयोग, आलु चिप्स बनाउने आदिको प्रबन्ध गर्न सकिन्छ । प्रत्येक गाउँमा कृषिजन्य वस्तुहरू भण्डार स्थापना गरेर लामो समयसम्म भण्डार गर्न सकिन्छ । उपनगरपालिकाले वडास्तरमा साना उद्योगहरू स्थापना गरी सञ्चालन गरेर सर्वसाधारणलाई प्रेरित गर्न सक्छ । कृषिमा आधारित उद्योग स्थापनाका लागि नगरपालिकाले विशेष ध्यान र योजना ल्याउनुपर्दछ । शहरमा उत्पादन हुने कृषिजन्य उत्पादनहरूको प्रशोधनबाट बिक्री वितरण गर्दा कच्चा माल बेच्ने लागत दुईगुना हुनुका साथै शहरका बासिन्दाहरूले उद्योगमा रोजगार पाउने सम्भावना रहेको छ । व्यावसायिक खेती र पशुपालनका लागि किसानहरूसँग बैंकिङमा सहज पहुँच छैन । यसका लागि किसानहरूले व्यापार धितो, ब्याज अनुदान र सहकारी किसानहरू बीच सहकारी कृषि व्यावसायीकरण कार्यक्रम ल्याउनु जरुरी रहेको छ ।

घोराही उपमहानगरमा अधिकांश ग्रामीण क्षेत्रहरू छन् । यस नगरपालिकाका वडा नं. १०, १३, १४, १५, १६, १७, १८ को शहरी चरित्रका छन् भने अन्य बाँकी वडाहरू ग्रामीण छन् र ती मध्ये केही शहरीकरणको प्रक्रियामा छन् । यस पालिकाका ठूलो बजार केन्द्रमा कृषि उत्पादन बिक्री र दैनिक उपभोग्य वस्तुको खरीद

बाहेक ग्रामीण क्षेत्रबाट स्वास्थ्य, उच्च शिक्षा सेवा र रोजगारीका लागि मानिसहरू आउँछन् । ग्रामीण क्षेत्र र शहरी क्षेत्रको सम्बन्धमा ग्रामीण क्षेत्रले प्राथमिक उत्पादन गर्ने र शहरी क्षेत्रका कामदारहरू र शहरी क्षेत्रहरूमा ग्रामीण क्षेत्रका लागि प्रशोधिते उत्पादन र सेवाहरू प्रदान गर्दै आएको छ । आर्थिक विकासको लागि लगानी आवश्यक पर्ने भएकोले आर्थिक विकासका लागि नगरपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्नुपर्दछ । निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक निजी साझेदारीको अवधारणा अगाडि बढाउँदै पालिकालाई पर्यटन, वाणिज्य, कृषि र पशुपालन, औद्योगिक विकास, कृषि उत्पादन प्रशोधन उद्योग संचालन गर्न सकिने सम्भावना रहेका छन् ।

**२.३ विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीतिहरु**

**२.३.१ लक्ष्य**

यस उपमहानगरपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहाय अनुसार रहेको छ :

"उद्योग, वाणिज्य, कृषि तथा पशुपंक्षीपालन, पर्यटन तथा संस्कृति प्रवर्द्धन र सहकारीको विस्तारमार्फत स्थानीय स्रोतको उपयोग गरी र रोजगारीका अवसरहरू सिर्जना गरेर शहरको आर्थिक बृद्धि हासिल गर्नु ।"

**२.३.२ उद्देश्यहरु**

यस उपमहानगरपालिकाका आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

१) समयमै आधुनिकीकरण र कृषि क्षेत्रको व्यवसायीकरणको माध्यमबाट कृषि वस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

२) व्यावसायिक पशुपालन खेतीमार्फत पशुधन उत्पादनको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

३) कृषि, जडिबुटी र प्राकृतिक कच्चा मालमा आधारित साना र मझौला उद्योगहरूको विस्तार गर्ने ।

४) शहरका उत्पादनहरूको बजारमा निजी क्षेत्रलाई सहयोग पुऱ्याउने ।

५) रेमिट्यान्स कोष प्रयोग गर्न शहरमा बैंकिङ र वित्तीय सेवाहरूको विस्तार ।

६) सहकारिताको प्रवर्द्धन गरी छरिएर रहेको पूँजी आर्थिक क्रियाकलापमा परिचालन गर्ने ।

७) पर्यटन पूर्वाधारको विकास गरी सांस्कृतिक धार्मिक तथा पर्यापर्यटनको विकासवाट आर्थिक विकास गर्ने ।

८) घरेलु तथा साना उद्योगहरुको विकास गर्दै स्थानीय सम्भावित उद्यमशीलतालाई प्रोत्साहन गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।

**२.३.३ रणनीतिहरु**

यस उपमहानगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गर्ने ।

- कृषि विकासका लागि एकीकृत र व्यावसायिक कृषि संवर्द्धन कार्यक्रम लागू गर्ने ।
- कृषि व्यवसायिकरणमा जोड दिई शहरको गरिबी निवारणमा जोड दिने ।
- किसान समूहलाई आधुनिक कृषि प्रविधिको प्रयोग गर्न प्रोत्साहन गर्ने ।
- वित्तीय क्षेत्र सम्बन्धी सबै निकाय (सरकारी, अर्धसरकारी, गैरसरकारी संस्था) संग कार्यक्रम समन्वय गर्ने ।

- कार्यक्रमहरू सञ्चालन गर्दा लक्षित समूहको पहुँच बढाउने ।
- मल, बीउ, बीउ, कृषि यिबलकणको सहज प्रवाहमा प्रवाह गर्ने दलहरूबीच समन्वय, सहकार्य गर्ने।
- पशु स्वास्थ्य, पशुखाद्य र नस्ल सुधार प्रविधिको विस्तार गर्न प्राथमिकता दिने ।
- कृषि र पशु उत्पादन र बजार व्यवसायमा संलग्न महिला र पिछडिएको वर्गको क्षमता विकासमा ध्यान दिने ।
- शहरमा सम्भावित उद्योगहरूको स्थापना र सञ्चालनका लागि आवश्यक पूर्वाधार विकास गर्न सहयोग गर्ने ।
- औद्योगिक विकासको क्षेत्रमा सार्वजनिक-निजी साझेदारी अभिवृद्धि गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- प्रदेश र संघीय सरकारको सहकार्यमा शहरको आर्थिक गतिविधिमा वैदेशिक सहयोग पुऱ्याउन पहल गर्ने ।
- औद्योगिक क्षेत्रमा वातावरणीय प्रदूषण, व्यावसायिक सुरक्षा र स्वास्थ्य सम्बन्धी विषयहरूमा सचेतना जगाउने कुरामा जोड दिने ।
- वैदेशिक रोजगार परामर्श केन्द्रको स्थापना गरी वैदेशिक रोजगार प्रवर्द्धन गर्ने र विद्यमान समस्या समाधान गर्न पहल गर्ने ।
- लक्षित वर्गमा सीपमूलक तालिम ल्याई हासिल भएका सीपहरूको उपयोग गर्ने प्रयास गर्ने ।
- उपभोक्ता अधिकारको संरक्षणलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउने ।
- मौरीपालन, व्यावसायिक कृषि र पशुपालन, मत्स्यपालन विकास, र पर्यटन प्रवर्द्धन जस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिने ।
- साना र घरेलु उद्योग स्थापनाका लागि अनुदान र करमा छुट दिने नीति अवलम्बन गर्ने ।
- ग्रामीण र शहरी क्षेत्रको बीचको सम्बन्ध स्थापित गर्न विशेष नीति अवलम्बन गर्ने ।
- बैंकिङ पहुँच बृद्धि गर्न र सहकारीहरूलाई प्रवर्द्धन गर्न नीति अवलम्बन गर्ने ।
- सहकारी क्षमतालाई सुदृढ पार्ने कुरामा जोड दिने ।
- पर्यटन पूर्वाधारको विकास साथै सांस्कृतिक तथा पर्यापर्यटनको विकास गर्ने ।

### २.४ मुख्य कार्यक्रम तथा आयोजनाको विवरण

### २.४.१ कृषि विकास

- कषि समूह/सहकारीमार्फत सञ्चालन साना सिंचाई कार्यक्रम
- कृषि यान्त्रिकरण साना औजार अनुदानमा विक्री वितरण
- विभिन्न बालीको पकेट क्षेत्र निर्धारण तथा कार्यक्रम सञ्चालन
- वीउ उत्पादन गर्ने समूह/सहकारीहरुलाई अनुदानमा मूल बीउ वितरण
- कृषकहरुलाई विभिन्न बालीको उन्नत बीउ अनुदानमा कृषकहरुलाई वितरण
- बेमौसमी गोलभेडा खेतीको लागि फलाम स्टक्चर प्लाष्टिक टनेल वितरण

### २.४.२ पशु पंक्षी विकास

१. कृत्रिम तथा प्राकृतिक गर्भाधान (बोयर वोका वितरण) सेवा विस्तार
२. हिउँदे घाँस (वर्षिम ५०% र जै निःशुल्क) का बिउ वितरण ।
३. ५०% सहकार्यमा वर्षे घाँस (टियोसेन्टी/सुडान/वाजरा) का बिउ वितरण
४. वहुवर्षीय घाँसका सेट तथा विरुवाहरु वितरण ।
५. आकस्मिक रोग नियन्त्रण कार्यक्रम ।
६. पशु स्वस्थ शिविर संचालन ।
७. यूवा लक्षित अनुदान कार्यक्रमहरु ।
८. मागमा आधारित अनुदान कार्यक्रम सहकार्यमा ।
९. न्यू हेम्पसायर/अष्ट्रोलप जातका चल्लाहरु वितरण
१०. लागत साझेदारीमा वाखा तथा वंगुर प्रवर्द्धन कार्यक्रम
११. मुक्त कमैया समूहमार्फत कुखुरापालन कार्यक्रम संचालन
१२. दूग्ध उत्पादन प्रवर्द्धन समूहमार्फत
१३. बाखापालन प्रवर्द्धन कार्यक्रम समूहमार्फत
१४. स्थानीय गाईहरुमा ट्यागिङ कार्यक्रम
१५. पशुपालक कृषकहरुलाई ५०% सहकार्यमा च्याफकटर वितरण
१६. मासु पसल डेरी पसल व्यवसायिक फार्महरु अनुगमन तथा रिपोर्टिङ
१७. पशुपालक कृषकहरुलाइ मिनरल व्लक वितरण

### २.४.३ पर्यटन तथा संस्कृति प्रवर्द्धन

- नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समिति गठन तथा कार्य संचालन कार्यविधि निर्माण
- घोराही उपमहानगरपालिकाको पर्यटकीय क्षेत्र (सम्पदा) को अध्ययन/अनुसन्धान
- घोराही उपमहानगरपालिकाको पर्यटन/संस्कृतिसँग सम्बन्धित प्रकाशनहरु
- घोराहीको ऐतिहासिक नाम झल्काउन घोराही बजारभित्र २ वटा घोडाको प्रतिमा निर्माण
- हस्तकला सम्बन्धी तालिम जस्तै : काँसमुजजन्य/प्रस्तर कला तालिम संचालन
- घोराही उपमहानगरको पर्यटकीय/सांस्कृतिक सम्पदाहरुको वृत्तचित्र निर्माण
- सिमसार र जलाशय क्षेत्रको उपयोगिता तथा सम्भाव्यता अध्ययन
- कला, साहित्यिक, सांस्कृतिक कार्यक्रम प्रवर्द्धन सहयोग
- परम्परागत जातीय वाद्यवादन सामग्री निर्माण एवं नाचका समूहहरुको प्रवर्द्धन सहयोग
- अल्लोजन्य उद्दम प्रवर्द्धन गर्न अल्लो उद्यमीहरुलाई कच्चा पदार्थ र मेशिनरी सहयोग
- पर्यटकीय स्थलहरु झल्किने गरी होडिङ बोर्ड निर्माण
- पर्यटन सूचना केन्द्र निर्माण
- काष्ठकला सम्बन्धी तालिम
- पर्यटकीय स्थलको पृष्ठभूमि उल्लेख गरिएका होडिङ बोर्डहरुको निर्माण

### २.४.४ सहकारी तथा रोजगारी प्रवर्द्धन

- सहकारी ब्रोसर
- सहकारी सचेतना तालिम
- सहकारी लेखापालन तालिम
- सहकारी संस्था अनुगमन
- संस्था एकीकरण
- सहकारी दिवस

### २.४.५ प्रधानमन्त्री रोजगार कार्यक्रम

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालित आयोजनाहरुमा आवश्यक निर्माण औजार उपकरण खरिद

### २.४.६ उद्योग प्रवर्द्धन

- **नयाँ उद्यमी सृजनातर्फ**
- वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको
- सहभागितामूलक कार्यक्रम सम्पन्न भएको
- घरधुरी सर्भेक्षण गरिएको
- बजार तथा श्रोत सम्भाव्यता अध्यन गरिएको
- समूह गठन गरिएको
- उद्यमशीलता विकास तालिम सम्पन्न भएको
- पुराना उद्यमीलाई स्तरउन्नति कार्यक्रमतर्फ
  घर भेट तथा उद्यम गरिरहेका उद्यमीको सूचना संकलन गर्ने कार्य भएको ।

## २.५ प्रगति अवस्था

### २.५.१ क्षेत्रगत वजेट विनियोजन तथा खर्च अवस्था

| सि. नं. | शाखा /महाशाखा | आ.व.२०७४/०७५ | | आ.व.२०७५/०७६ | | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ | | आ.व.२०७८/०७९ | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | अनुमानित खर्च | विनियोजित वजेट | खर्च | खर्च % |
| १ | कृषि विकास | २८७५१ | २१२०० | १११८० | १११८० | २००५० | ११०८०.१ | ८८८० | ७२१५.६ | ८००० | ७६०० | ७६८६१ | ५८२७५.७ | ७५.८२ |
| २ | पशुसेवा | ५००० | ४५८९ | ५०६३ | ४८३३ | ५८६६ | ५१०८.९ | ७७८० | ६२१७.९ | ६८६० | ६६०० | ३०५६९ | २७३४८.८ | ८९.४७ |
| ३ | सहकारी | १००० | ३४० | ३४०० | २६०० | १२४५ | १०२५ | २५०० | २२०० | ९९० | ८९० | ९१३५ | ७०५५ | ७७.२३ |
| ४ | उपभोक्ताहित संरक्षण | २०० | १८५ | ७२.६ | ४५.६ | १९३५ | ३५०.५८ | ११५० | ५६१.५ | २०१० | १९५० | ५३६७.६ | ३०९२.६८ | ५७.६२ |
| ५ | पर्यटन तथा संस्कृति प्रवर्धन | ८२७५ | ८२७५ | ५६०० | ४२२९.२ | ७७०० | ३४८९.९२ | ५२०० | ३२१५.४ | २२५० | १९५० | २९०२५ | २११५९.५ | ७२.९० |
| ६ | उद्योग प्रवर्धन | ७००० | ४००० | ० | ० | ० | ० | ० | ० | २९०० | २७०० | ९९०० | ६७०० | ६७.६८ |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ० | १०००० | ७७८५ | ४४३० | ३८४७ | १०८२७ | ८१९७ | ६९६३ | ६००० | ३२२२० | २५८२९ | ८०.१६ |
| | जम्मा | ५०२२६ | ३८५८९ | ३५३१६ | ३०६७२.८ | ४१२२६ | २४९०१.५ | ३६३३७ | २५६४९ | २९९७३ | २७६९० | १९३०७८ | १४७५०२ | ७६.४० |

### २.५.२ वित्तीय तथा भौतिक प्रगति

| सि.नं. | शाखा /महाशाखा | आ.व.२०७४/०७५ | | आ.व.२०७५/०७६ | | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ | | आ.व.२०७८/०७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | कृषि विकास | ७३.७४ | १०० | १०० | १०० | ४४.३७ | ५६.६१ | ८१.२६ | ८८ | ९५ | १०० |
| २ | पशुपंक्षी विकास | ९१.७८ | १०० | ९५.४६ | ९३.१३ | ८७.०९ | ९७.८ | ७९.९२ | ८७.८४ | ९६.२१ | ६५ |
| ३ | सहकारी तथा रोजगार प्रवर्द्धन | ३४ | ६८ | ७६.५ | ८० | ८२.३३ | १०० | ८८ | १०० | ९० | १०० |
| ४ | उपभोक्ताहित संरक्षण | ९२.५ | १०० | ६२.८१ | ८४ | १८.१२ | २० | ४८.८३ | ८२.६१ | ९७ | १०० |
| ५ | पर्यटन तथा संस्कृति प्रवर्धन | १०० | १०० | ७५.५२ | ८२.१४ | ४५.३२ | ५५.१९ | ६१.८४ | ९५ | ८६.६७ | ९० |
| ६ | उद्योग तथा व्यवसाय प्रवर्धन | ५७.१४ | १०० | - | - | - | - | १९.३८ | २४.६ | १०० | १०० |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम | - | - | ७७.८५ | ९० | ८७ | ८० | ७५.७१ | १०० | ८६ | १०० |

२.६ मुख्य-मुख्य उपलब्धिहरु :

२.६.१ कृषि विकास

क. कृषि विकास कार्यक्रमलाई सुव्यवस्थित सुचारु गर्न कृषि सम्बन्धी कार्यविधिहरु निर्माण गरिएको छ ।

१. कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७५

२. कृषि यान्त्रीकरण अनुदान संचालन कार्यविधि २०७६

३. व्यवसायिक तरकारी उत्पादन कार्यविधि २०७६

ख अनुदान सम्बन्धी मुख्य-मुख्य कार्यक्रमहरु

१. कृषि समूह/सहकारीमार्फत सञ्चालन साना सिंचाई ६०% अनुदानमा सञ्चालित योजना ६६ वटा

२. कृषि यान्त्रिकरण साना औजार अनुदानमा विक्री वितरण ५०% अनुदान सञ्चालित १४५ वटा

३. विभिन्न बालीको पकेट क्षेत्र निर्धारण तथा कार्यक्रम सञ्चालन ५० % अनुदान सञ्चालित ८ वटा १. लसुन, २. खुर्सानी/तरकारी, ३. आलु , ४. गोलभेडा/तरकारी ५. मकै ४ वटा)

४. वीउ उत्पादन गर्ने समूह/सहकारीहरुलाई अनुदानमा मूल बीउ (धान गहु तोरी र मसुरो) तीनवटा विउ उत्पादन गर्ने सहकारी वितरण ६०% अनुदानमा ९ मे.टन  वीउ वितरण

५. कृषकहरुलाई विभिन्न बालीको (प्याज, धान, गहुँ र तरकारी) उन्नत बीउ अनुदानमा ३४५० जना कृषकहरुलाई वितरण ६०% अनुदान मे. टन ५०

६. बेमौसमी गोलभेडा खेतीको लागि फलाम स्टक्चर प्लाष्टिक टनेल ७५% अनुदान ३८ वटा २०८६ मि. को ३५ जना कृषकलाई वितरण

| | | ०७४/०७५ | | ०७५/०७६ | | ०७६/०७७ | | ०७७/०७८ | | ०७८/०७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उन्नत तथा बर्णशंकर वीउले ढाकेको क्षेत्रफल | | | | | | | | | | |
| | विवरण | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन |
| क | धान | ८७१३ | ३०४९६ | ८७१० | ३०४८८ | ८७०० | ३०४५० | ८६९० | ३०४१५ | ८६०० | ३०३९८ |
| ख | गहु | ३३३७ | १३३४८ | ३३३० | १३३२० | ३३२५ | १३३०० | ३३२० | १३२८० | ३२७५ | |
| ग | मकै | ४६१५ | २०७६८ | ४६१० | २०७४५ | ४६०५ | २०७२३ | ४६०० | २०७०० | ४५८५ | २०७७८ |
| घ | तोरि | ३७८२ | ३७८२ | ३७८० | ३७८० | ३७७५ | ३७७५ | ३७७० | ३७७० | ३७६० | |
| ङ | चना | ७४ | ८८.०८ | ७४ | ८८.०८ | ७३ | ८७.६ | ७५ | ९० | ७५ | |
| च | मसुरो | ५५४० | ८३१० | ५५३५ | ८३०२.५ | ५५३० | ८२९५ | ५५२५ | ८२८७.५ | ५५०० | |
| २ | तरकारी वाली | | | | | | | | | | |
| क | काउली | ३०० | ७५०० | २९५ | ७३७५ | २९० | ७२५० | २९० | ७२५० | ३५० | ७१२५ |
| ख | ब्रोकाउली | ५ | ६० | ४ | ४८ | ५ | ६० | ३ | ३६ | ७ | ४८ |
| ग | बन्दा | २०० | ५००० | १९५ | ४८७५ | १९० | ४७५० | १९५ | ४८७५ | ३५० | ४५०० |
| घ | मूला | ५० | १५०० | ४८ | १४४० | ५० | १५०० | ४९ | १४७० | ६० | १५०० |
| ङ | रायो | १०० | २५०० | ९५ | २३७५ | ९८ | २४५० | ९४ | २३५० | ९८ | २४५० |
| च | बोडी | ५० | ४०० | ४९ | ४५० | ४८ | ४८० | ४९ | ४८५ | ६० | ४७५ |
| छ | सिमी | ५० | ५०० | ४९ | ४९० | ४८ | ४५० | ५० | ४९५ | ७५ | ४७० |
| ज | करेला | ३२ | ३२० | ३० | ३०० | ३१ | ३१० | २९ | २९० | ३५ | ३०० |
| झ | लौका | १० | १२० | ९ | १३० | ८ | १०० | ८ | ९५ | २५ | ९५ |
| ञ | फर्सी | १० | १२० | ८ | ९६ | ९ | १०८ | ८ | ९६ | १५ | १०८ |
| ट | चिचीण्डो | १० | ८० | ८ | ८० | ८ | ८० | ७ | ७० | १० | ७० |
| ठ | घिरौला | ५० | ५०० | ४९ | ४९० | ४९ | ४९० | ४८ | ४८० | ५५ | ४७० |
| ड | पिडालु | २५ | २०० | २० | १६० | २२ | १७६ | २३ | १८४ | ५५ | १७६ |
| ढ | प्याज | २०० | ४०० | १९५ | ३९०० | १९० | ३८०० | १९८ | ३९६० | २५० | ४०० |
| | अन्य | ८३८ | २५१४ | ८३५ | २५०५ | ८३६ | २५०८ | ८३५ | २५०५ | ८३५ | २५०५ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ण | लसुन | १० | ४० | ९ | ३६ | ८ | ३२ | ३३ | १५० | ४० | १८० |
| | त | गोलभेडा | ३०० | ३०० | २९८ | २९८० | २९५ | २९५० | २९० | २९०० | ३५० | २९५० |
| | | अदुवा | ४९ | १९६ | ४८ | ७२ | ४७ | ७०.५ | ४५ | ६७.५ | ५० | ६९ |
| ४ | | आलु | ५७९ | २३१६ | ५७९ | २३१६ | ५८१ | २३२४ | ५८२ | २३२८ | ५८३ | |
| ५ | | फलफूल क्षेत्र विस्तार | | | | | | | | | | |
| | क | आप | २३० | १३८० | २२५ | १३५० | २२८ | २२८० | २२९ | १२०० | २४० | २३५० |
| | ख | लिची | १५९ | ७९५ | १५८ | ७९० | १५७ | ९८५ | १५७ | ७८५ | १८८ | ७९० |
| | ग | अम्वा | २० | १२० | १८ | १०८ | २२ | १५० | २२ | १४० | २३ | १५२ |
| | घ | कटहर | १० | १५० | १०.५ | १५५ | १०.५ | १५५ | ११ | १६० | ११ | १६५ |
| | ङ | नास्पाती | २५ | २५० | २९ | २८५ | ३० | ३०० | ३०.५ | ३०५ | ३०.५ | ३०० |
| | च | केरा | ४५ | ४०० | ४९ | ३४३ | ४८ | ४८० | ४७ | ४८० | ४८ | ५०० |
| | छ | कागती | ५५ | २५० | ५५ | २५५ | १०० | ३०० | १२० | ३१० | १२५ | ४०० |

| क्र.सं. | विवरण | ०७४/०७५ | | ०७५/०७६ | | ०७६/०७७ | | ०७७/०७८ | | ०७८/०७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | साना सिंचाई क्षेत्र विस्तार | हेक्टर | | हेक्टर | १४ | हेक्टर | १७ | हेक्टर | ७ | हेक्टर | २० |
| ७ | कृषी यान्त्रीकरण औजार वितरण | संख्या | | | | पावरटिलर<br>रोटाभेटर | ८<br>२ | पावरटिलर<br>रोटाभेटर थ्रेसर | १२<br>१ | पावरटिलर<br>रोटाभेटर मिनिटेलर<br>रिपर | १८<br>२<br>५१<br>१ |
| ८ | फलाम स्टक्चर प्लाष्टिक टनेल | संख्या | | | | | | संख्या | ३ | संख्या | २५ |

### २.६.२ पशुपंक्षी विकास

- पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- मागमा आधारित अनुदान कार्यक्रम, २०७७
- गाईगोरुमा ट्यागिंङ तथा अभिलेखीकरण कार्यविधि २०७७
- कुखुरा मासु तथा अण्डामा घोराही उपमहानगरपालिपका आत्म निर्भर भएको ।
- वंगुरको मासुमा आत्मनिर्भर (वंगुर पाठापाठी तथा मासुका लागि वंगुर साप्ताहिक रुपमा घोराही वाहिर ढुवानी भएका) ।
- परिमाणात्मक उपलब्धि

| क्रस | विवरण | २०७४/७५ | २०७५/०७६ | २०७६/७७ | २०७७/७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|---|
| १ | साना उद्योग दर्ता संख्या | ० | १४७ | ९८ | ३९५ | १६७ |
| २ | **लघु घरेलु तथा साना उद्योगमा रोजगारीको अवस्था** | ० | १४७ | ९८ | ३९५ | १६७ |
| ३ | पशु पालक सदस्य संख्या | ० | २० | ९१ | ४५० | २० |
| ४ | पशु पालक समुह संख्या | ० | १ | ७ | ३८ | २ |
| ५ | पशुपंक्षी संख्या | | | | | |
| ५१. | गाइगोरु/ | ३४८२७ | ३२२४३ | ३०१२४ | ३४८९५ | ३२७६८ |
| ५२. | भैसीरागा/ | २२२७१ | २२३५६ | २२५६४ | ३७०१७ | ३२९६० |
| ५३. | वोकावाखा/खसि/ | ७१९५२ | ७७४५६ | ८४८९० | १०२२६४ | ९६०१६ |
| ५४. | भेडाच्याग्रा/ | ९५९६ | ९४२३ | ९१०३ | १२८६५ | १२२०० |
| ५५. | सुगुरवंगुर/ | १९५६२ | २०२८९ | २२४५६ | ३३६७० | २५०७६ |
| ५६. | कुखुरा | ३९००००० | ३९९७५०० | ४२७५०४० | ३८०९३६० | २०८२४०० |
| ५७. | हाँस | २१०००० | २१८७५० | २२३४५० | २११०१७ | २२९४०० |
| ५८. | माछा | ८०६८७ | १२०५०० | १५६४०० | १९६७८० | २६७८०० |
| ६ | **पशुजन्य उत्पादन** | | | | | |
| ६१. | मासु | ८०२० | ८१३५ | ८३७८ | ८८९० | ४८२५ |
| ६२. | दुध | १२७७५ | १२९८० | १३२०० | १३९९५ | ७६०० |
| ६३. | अण्डा (हजारमा( | ६८२५५ | ७१३५४ | ७२४५५ | ७५३५० | ४०४५६ |

### २.६.३ पर्यटन तथा संस्कृति प्रवर्द्धन

- नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समिति गठन तथा कार्यसंचालन कार्यविधि, २०७५ निर्माण
- पर्यटन/संस्कृतिसँग सम्बन्धित प्रकाशनहरु
- घोराही उपमहानगरका पर्यटकीय सम्पदा
- गन्तव्य घोराही ब्रोसर (नेपालीमा)
- Destination Ghorahi (Brochure in English)
- तस्वीरमा घोराही (PHOTOGRAPH OF GHORAHI)
- TOURISM MAP OF GHORAHI
- बेड्टुर्या रानी बटकुही (थारु लोककथा)
- घोराहीको थारु प्रदर्शनकारी कला
- बर्किमार (थारु लोकमहाभारत)
- थारुज् फोटु पोस्टा
- उर्वसी महाकाव्य
- मुख्य मुख्य पर्यटकीय सम्पदाका पोष्टरहरु
- घोराही उपमहानगरको पर्यटकीय/सांस्कृतिक सम्पदाहरुको वृत्तचित्र निर्माण
- बर्कानाच वृत्तचित्र
- गन्तव्य घोराही वृत्तचित्र

### २.६.४ सहकारी तथा रोजगार प्रवर्द्धन

- घोराही उपमहानगरपालिकाको सहकारी ऐन २०७४
- घोराही उपमहानगरपालिकाको सहकारी नियमावली २०७७
- सहकारी संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि निर्माण गरिएको ।
- घोराही उप-महानगरपालिकाको सहकारी ऐन र नियमावली तयार गरी पारित गरिएको ।
- घोराही उपमहानगरपालिकाको सहकारी संस्थाहरुको विद्यमान अवस्था देखिने गरी ब्रोसर लगायतका सम्बन्धित सामग्री प्रकाशन गरेको ।
- घोराही उप-महागनरपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुको सुसंचालन होस् भनी अनुगमन तथा सुपरिवेक्षण कार्यलाई निरन्तरता दिएको ।
- व्यावसायिक सहकारीहरुलाई व्यवसाय प्रवर्द्धन गर्न आवश्यक तालिम संचालन गरेको ।
- सहकारी संस्थाका सदस्यहरुलाई स्वरोजगार निर्माण गर्न गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्यक्रम संचालन गरेको ।

### २.६.५ उपभोक्ता हित संरक्षण

१. घोराही उपमहानगरपालिकाको वजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा प्रवर्द्धन गर्न

स्थानीय बजार व्यवस्थापन तथा
अनुगमन ऐन, २०७८ बनाई जारी गरिएको ।

२. उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न र उपभोगस्थल लगायतका ठाँउहरुमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल नगरपालिकावाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले घोराही उपमहानगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ जारी भई कार्यान्वयन भइरहेको ।

३. घोराही उपमहानगरपालिका क्षेत्रमा भएको बढ्दो जनसंख्यालाई व्यवस्थित गर्दै सहरी सेवालाई प्रभावकारी बनाउन आवश्यक भएकाले नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी बजार व्यवस्थापन कार्यविधि २०७४ तर्जुमा गरी लागु गरिएको ।

४. उपभोक्ताहरुलाई दैनिक उपभोग्य वस्तु, खरिद तथा विक्री गर्दा ध्यान दिनुपर्ने विविध विषयका जानकारीमूलक होडिङ वोर्डहरु जडान गरिएको ।

५. उपभोक्ता हित सम्वन्धी प्रचार प्रसारका जस्ता सामग्री, ब्रोसर, लिफलेट तयार गरी वितरण गरेको ।

६. दैनिक उपभोग्य खाद्यवस्तु तथा दूधको गुणस्तर कायम गर्न परीक्षण कार्यका लागि आवश्यक उपकरण व्यवस्थापन गर्ने कार्य थालनी गरिएको ।

७. खाद्यवस्तुमा अखाद्य वस्तुको मिसावटबाट उपभोक्ताको स्वास्थ्यमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्नका लागि नियमित रुपमा बजार अनुगमन गर्ने गरिएको ।

### २.६.६ उद्योग तथा व्यवसाय प्रवर्द्धन

घोराही उपमहानगरपालिकाको उद्योग तथा व्यवसाय प्रबर्द्धन शाखा २०७७ साल पौषदेखि सञ्चालनमा आएको छ यस शाखा अन्तर्गत लघु उद्यम विकास मोडलमा आधारित कार्यक्रम सन्चालित रहेको साथै गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका-२०७७ बमोजिम योजना तथा कार्यक्रम सञ्चालनमा रहेको छ। जस अन्तर्गत २०७८ साल आषाढ मसान्तसम्ममा घोराही उपमहानगरपालिकाभित्र २०० जना लघु उद्यमीहरुले उद्यमशिलता विकास तालिम हासिल गरेका छन । २०७८ साल आषाढ मसान्तसम्म घोराही उप महानगरपालिका भित्र विभिन्न ५० प्रकारका उद्योगहरु भएका साथै दर्ता संख्या ३४५५, उद्यमी संख्या ३९४३ र रोजगारी संख्या १४३०७ रहेको छ ।

### २.६.७ प्रधानमन्त्री रोजगार कार्यक्रम

| क्रियाकलाप | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| विनियोजित बजेट रु००० | - | १०००० | ४४३० | १०८२७ | ६९६३ |
| खर्च रकम रु.००० | - | ७७८५.८७२ | ३८४७.६४७ | ८१९७.८९९ | २०११ |
| कुल संचालित आयोजना | - | ३३ | २१ | ३२ | ११ |
| सुचिकृत बेरोजगार व्यक्ती संख्या | - | ९०९१ | ८०६ | १२४८ | ६८१ |
| रोजगारीमा संलग्न व्यक्ती संख्या | - | ६४१ | ४११ | ३२६ | ९० |

# खण्ड- ३ सामाजिक क्षेत्र

## ३.१ पृष्ठभूमि

७७.६ प्रतिशत जनता साक्षर रहेको यस उप महानगरपालिकामा विद्यालयगत शिक्षाका लागि विद्यालयहरु र उच्च शिक्षाका लागि उच्च माध्यमिक विद्यालय र क्याम्पसहरु रहेका छन् । उपमहानगरीय शहर मध्यपश्चिमी नेपालको शैक्षिक हबको रूपमा विकसित भइरहेको छ । उल्लेखीय विद्यालयहरुको संख्या भएर पनि विद्यालय बाहिर रहेका बालबालिका समेट्न नसक्नु र विद्यालय छाड्ने संख्या उल्लेखनीय रहनु उप महानगरपालिकाको चुनौतीको रुपमा देखिन्छ । त्यस्तै गरी सहज तथा सुलभ स्वास्थ्य सेवाको पहुँच वडाहरुमा विस्तार गर्न उपमहानगरपालिकाले प्राथमिकतामा राख्दै नेतृत्वदायी भुमिका तथा पारिवारिक निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता, वालमैत्री तथा अपांगमैत्री भौतिक संरचना, जेष्ठ नागरिकमुखी योजना तयार गरी उपमहानगरपालिका योजनाबद्ध विकासको प्रभावकारी कार्यान्वयन सहित अगाडि बढनुपर्ने देखिन्छ ।

## ३.२ विद्यमान अवस्था, संभावना तथा अवसर

यस उप महानगरपालिकाका कूल जनसंख्याको ७७.६ प्रतिशत जनता साक्षर रहेकोमा १.२० प्रतिशत पढ्न मात्र सक्ने र २१.१ प्रतिशत जनसंख्या निरक्षर रहेका छन् । यस पालिकामा १६० बाल विकास केन्द्र, ११२ प्राथमिक विद्यालय, ५१ माध्यमिक विद्यालय, १८ उच्च माध्यमिक विद्यालय, ६ क्याम्पस, २ मदरसा र ४ अन्य प्राविधिक शैक्षिक संस्था छन् ।

यस पालिकामा स्वास्थ्य सेवा प्रदान गर्नका लागि जिल्ला अस्पताल र राप्ती उपक्षेत्रीय अस्पताल साथै बालबालिकाको अस्पताल, आँखा अस्पताल र क्षेत्रीय आयुर्वेद अस्पताल घोराही रहेका छन्  र स्वास्थ्य विज्ञान राप्ती एकेडेमी स्थापना भएको छ । पालिकाभित्र ८ वटा स्वास्थ्य चौकीहरू, २१ क्लिनिकहरू, १५ शहरी स्वास्थ्य केन्द्रहरू, ७ निजी अस्पताल, २ फार्मेसीहरू, ७ बर्थिङ सेन्टरहरूले स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ भने १५ वेडको नगरस्तरीय अस्पताल वन्ने क्रममा छ । आपतकालीन प्रसूति हेरचाहको अभाव रहेकोले मातृ मृत्युदर एक समस्याको रुपमा रहेको र अझै पनि स्वास्थ्य सेवाहरू प्रभावकारी स्थापित गर्नु आवश्यक रहेको छ । स्वास्थ्य सम्बन्धी सेवाहरु स्वास्थ्य चौकीहरू र शहरी स्वास्थ्य केन्द्रहरूले बासिन्दालाई सेवा प्रदान गरिरहेको भए पनि पूर्वाधारको अभाव, कुशल जनशक्ति र औषधीको अभाव समस्याको रुपमा रहेको छ ।

खेलकूदको पूर्वाधारको सन्दर्भमा यस पालिकाको वडा नम्बर २ र १५ मा क्रिकेट मैदान र वडा नम्बर १७ मा फुटबल मैदान रहेको छ वडा नम्बर १५ मा क्रिकेट मैदान रहेको छ । साथै वडा नं. ५ मा रहेको गुलरिया क्रिकेट मैदान एक प्रमुख क्रिकेट मैदान हो भने मैदान अम्बापुर, वडा १९ मा बास्केटबल कोर्ट रहेको छ ।

महिला र बालबालिकाहरुको सन्दर्भमा अझै महिलाहरुलाई धेरै क्षेत्रमा भेदभाव र चुनौतीहरूको सामना गर्नुपरेको छ । बाल विवाह अझै व्यापक छ र केटीहरूले प्रायः पाका पुरुषहरूसँग विवाह गरेको

देखिन्छ । घरेलु हिंसा र यौन दुर्व्यवहार जल्दोवल्दो समस्याको रुपमा रहेको छ भने तथ्याकंले महिलासँग सम्बन्धित अपराध अझै यस उपमहानगरपालिकामा अवस्थित छ जुन प्रगतिशील शहरको राम्रो संकेत होइन । यद्यपि उज्यालो पक्षमा प्रत्येक वडामा लैंगिक हिंसा नियन्त्रण नेटवर्क समिति गठन गरिएको छ र यसले महिला र बाल दुर्व्यवहारविरुद्ध काम गर्दछ । जिल्ला प्रहरी कार्यालयको समीप घोराहीमा महिला पुनःस्थापना केन्द्र पनि स्थापना गरिएको छ । साथै, सामुदायिक पुलिस सहभागिता कार्यक्रमले घोराही उपमहानगरपालिकामा पूर्ण गति लिएको छ ।

### ३.३ विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीतिहरु

#### ३.३.१ लक्ष्य

यस उपमहानगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहाय अनुसार रहेको छ :

“गुणस्तरीय र व्यावसायिक शिक्षाको प्रवर्धन, आधारभूत स्वास्थ्य सेवामा पहुँचको बृद्धि, उचित विकास र सामाजिक समावेशीकरण र युवाको सशक्तिकरण र खेलकुद क्षेत्रको स्तर वृद्धि गरी निष्पक्ष समाजको स्थापना गर्ने ।”

#### ३.३.२ उद्देश्यहरु

यस उप महानगरपालिकाका सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

१) व्यावसायिक र जीवनभर शिक्षाको माध्यमबाट दक्ष र गुणस्तरीय जनशक्ति सिर्जना गर्ने ।

२) आधुनिक स्वास्थ्य सेवाका साथै आयुर्वेदिक चिकित्सा सेवाहरूलाई गुणात्मक र सुलभ बनाउने ।

३) सामाजिक जीवनको सबै क्षेत्रहरूमा अभाव रहेको लक्षित समुदायहरूको अधिकार सहित सम्मानित समाजको स्थापना गर्ने

४) बाल आवाज सम्वोधन सहित बालमैत्री शहर बनाउने ।

५) महिला सशक्तिकरणको माध्यमबाट लैंगिक समानताको प्रवर्द्धन गर्न, युवाहरूका लागि आर्थिक वातावरण निर्माण गर्न र ज्येष्ठ नागरिकहरू पूर्ण सम्मानमा बस्न सक्ने वातावरण निर्माण गर्ने ।

६) खेलकुद र मनोरञ्जन क्षेत्रहरूको उचित विकास गर्ने ।

७) सुरक्षा व्यवस्थालाई सुदृढ गर्दै आम जनतामा सुरक्षा सुनिश्चित गर्ने ।

#### ३.३.३ रणनीतिहरु

यस उपमहानगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिएको थियो ।

- प्रत्येक वडामा प्राथमिक स्वास्थ्य केन्द्रहरूको विकास गर्न आवश्यक पूर्वाधारका लागि संघीय, क्षेत्रीय र स्थानीय स्रोत परिचालन गर्ने ।
- महामारीलाई नियन्त्रण गर्न गैरसरकारी संस्था, स्थानीय निकाय, स्वास्थ्यकर्मी र अन्य स्वास्थ्य संस्थाहरूको नेटवर्क स्थापना गरिनेछ (महामारी रैपिड प्रतिक्रिया टोली) ।
- प्रजनन स्वास्थ्यको क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी संस्थाहरूको समितिलाई प्रजनन स्वास्थ्य कार्यक्रमहरूलाई प्रभावकारी रुपमा संचालन गर्न अझ सक्षम बनाउने ।

- स्वास्थ्य सेवाहरूको सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- व्यावसायिक, गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक भौतिक, सामाजिक, नीति र व्यवस्थापकीय पक्षको विकासका लागि नीति तय गर्ने ।
- शैक्षिक छात्रवृत्ति वितरण गर्ने र साक्षरता अभियान सञ्चालन गर्ने क्रममा महिला, दलित, पिछडिएका जातजाति, धार्मिक जनजातिहरूलाई उच्च प्राथमिकता दिने ।
- सबै शिक्षा कार्यक्रमहरू सञ्चालन गर्दा शहरका सबै सम्बन्धित पक्षहरू समन्वय गर्ने ।
- उच्च शिक्षा र प्राविधिक शिक्षाको विकासमा निजी क्षेत्रलाई विशेष प्राथमिकता दिने ।
- दलित, उत्पीडित र पिछडिएका वर्गलाई रोजगारीका क्षेत्रमा विशेष प्राथमिकता दिने ।
- नयाँ विद्यालय स्थापना गर्न र पहिले नै स्थापित विद्यालयहरूको क्षमता र गुणस्तर वृद्धि गर्न प्राथमिकता दिने ।
- लैंगिक मुख्य प्रवाहमा आधारित कार्यक्रम लागू गर्ने ।
- महिला विकास शाखा र महिला, बालबालिका र समाज कल्याण मन्त्रालय अन्तर्गत सबै महिला सम्बन्धित सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम लागू गर्ने ।
- विकासको मूलधारमा महिलाको सहभागिता बढाइनेछ ।
- कार्यक्रममा रहेका गरीब, दलित र अनुभवी महिलालाई प्राथमिकता दिने ।
- सशक्तिकरण प्रक्रिया र सहभागितामूलक पद्धति प्रयोग गरी कार्यक्रमहरू लागू गर्ने ।
- दलित, उत्पीडित जातिका विपन्न वर्गको पहिचान गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिने ।
- बच्चाहरूको विकास र संरक्षणको लागि सामाजिक परिचालन कार्यमा सरकारी र गैरसरकारी संस्थाहरूको संस्थागत विकास गर्ने ।
- पिछडिएका क्षेत्र, जाति, वर्ग पहिचान गर्न र तिनीहरूको जीवन स्तर सुधार गर्न परियोजनाहरू कार्यान्वयन गर्ने ।

### ३.४ मुख्य-मुख्य कार्यक्रम तथा आयोजनाको विवरण

### ३.४.१ शिक्षा युवा तथा खेलकूद विकास

- शैक्षिक क्यालेण्डर निर्माण
- शैक्षिक बुलेटिन प्रकाशन
- अस्थायी शिक्षक भर्नाको लागि प्रश्नपत्र निर्माण कार्यक्रम
- उपमेयर कप भलिबल मावि स्तर
- छात्रावृत्ति इन्जिनियरङ डाक्टर
- नगर शिक्षा योजना अद्यावधिक
- नगर शिक्षाको विभिन्न समितिको बैठक संचालन
- नगरस्तरीय परीक्षा संचालन खर्च
- प्रावि विद्यालयहरुमा थारु भाषाको पाठ्यक्रम निर्माण

- ब्याड्मिन्टन तथा क्रिकेट खेलका लागि
- मेयर कप फुटबल
- बाल विकास कक्षाहरुको स्तरोन्नति तालिम सामग्री खरिद एवं अन्य
- शिक्षक दरबन्दी मिलान तथा विद्यालय नक्शांकन
- संस्थागत विद्यालयको कक्षा ११ परिक्षा व्यवस्थापन
- थारु भाषाको पाठ्यक्रम पुस्तक लेखन तथा छपाई
- बैकल्पिक प्रणालीबाट शिक्षण सहजीकरण एव शिक्षण सामग्री छपाइ
- घोराही उपमहानगरपालिका भित्रका युवाहरुको क्षमता विकास कार्यक्रम
- पेड इन्टर्नसिप कार्यक्रम
- सामुदायिक विद्यालयहरुमा विद्यालय नर्सिङ कार्यक्रम
- विद्यालय खाजा कार्यक्रम
- विद्यालयमा किशोरी छात्राहरुलाई निःशुल्क प्याड वितरण कार्यक्रम
- निःशुल्क पाठ्य पुस्तक वितरण कार्यक्रम

३.४.२ **जनस्वास्थ्य प्रवर्द्धन**

- ❖ स्वास्थ्य सेवा तथा संस्था बिस्तार
- ❖ स्वास्थ्य नीति तथा कार्यबिधि
- ❖ स्वास्थ्य संस्था भौतिक पूर्बाधार
- ❖ स्वास्थ्य संस्था संचालन तथा व्यबस्थापन
- ❖ महामारी रोग नियन्त्रण
- ❖ स्वास्थ्य बिमा कार्यक्रम
- ❖ कोभिड १९ महामारी रोग नियन्त्रण
- ❖ प्रजनन् स्वास्थ्य कार्यक्रम
- ❖ सुरक्षित मातृत्व कार्यक्रम
- ❖ खोप कार्यक्रम
- ❖ पोषण कार्यक्रम
- ❖ परिवार नियोजन कार्यक्रम
- ❖ रोग नियन्त्रण कार्यक्रम
- ❖ किशोर किशोरीमैत्री स्वास्थ्य सेवा
- ❖ जेसीमैत्री स्वास्थ्य सेवा
- ❖ ज्येष्ठ नागरिक सामाजिक स्वास्थ्य सेवा
- ❖ महिला स्वास्थ्य स्वयंसेविका प्रबर्द्धन कार्यक्रम
- ❖ मानसिक स्वास्थ्य प्रबर्द्धन तथा लागु औषध दुर्व्यशनी कार्यक्रम

- रु सिकलसेल एनिमिया अभियान कार्यक्रम
- ❖ आँखा अनुदान
- ❖ बाल स्वास्थ्य एकीकृत स्वास्थ्य उपचार तथा परामर्श
- ❖ Negledate Disease तथा हात्तीपाइले रोगविरुद्धको निबारण
- ❖ स्वास्थ्य सूचना प्रणाली स्तरोन्नति
- ❖ स्वास्थ्य जनशक्ति क्षमता बृद्धि

**३.४.३ महिला, वालवालिका तथा सामाजिक विकास**

**बालबालिकातर्फ**

- ➢ बालमैत्री स्थानीय शासन तथा बाबालिका सम्बन्धी कार्यविधि तथा मापदण्ड निर्माण
- ➢ बालमैत्री आचारसंहिता, कार्ययोजना, प्रतिवद्धता, वस्तुस्तिथि पुस्तकका साथै नीतिगत अन्य कुराहरु निर्माण
- ➢ सबै टोल वडा तथा बालक्लव गठन तथा पुनर्गठन र विभन्न समिति, संरचना निर्माण र परिचालन
- ➢ वडा तथा नगरस्तरीय बाल संजाल, निर्माण र परिचालन
- ➢ वडा तथा नगरमा बालसंरक्षण समिति गठन र परिचालन
- ➢ वडा तथा नगरमा बाल कल्याण समिति गठन तथा नियमित बैठक र परिचालन
- ➢ नगरस्तरीय बालमैत्री स्थानीय शासन समन्वय समिति गठन परिचालन
- ➢ वडास्तरीय बालमैत्री स्थानीय शासन समन्वय समिति गठन परिचालन
- ➢ स्थानीयस्तरमा संचालित बालगृहको आवश्यकता पहिचान मापदण्ड निर्धारण र हाल सचालित शान्ति बालगृहलाई निरन्तर सहयोग
- ➢ सडक तथा जोखिममा परेका बालबालिकाको लागि आकास्मिक बाल संरक्षण केन्द्र स्थापना तथा संचालन
- ➢ बालकोष स्थापना
- ➢ बालमैत्री सिकाई केन्द्र स्थापना
- ➢ बाल भेला
- ➢ होडिङ्ग वोर्ड, फ्लेक्स, पम्प्लेट छपाई
- ➢ वस्तुस्तिथि पुस्तक तयार, प्रतिवद्धता निर्माण
- ➢ एफ एम तथा पत्रपत्रिका प्रकाशन, सञ्चालन
- ➢ श्रमिक बालबालिका बारे अभिमुखीकरण
- ➢ बालमैत्री स्थानीय शासन बारे जानकारी स्थानीय जनप्रतिनिध अभिभावक बीच अभिमुखीकरण कार्यक्रम
- ➢ बाल संरक्षण तथा बालविवाह न्यूनीकरण टोल विकास संख्याका पदाधिकारी अभिमुखीकरण कार्यक्रम

- बालमैत्री सूचक र प्रक्रियाबारे जानकारी टोल विकास संस्थाका पदाधिकारी
- बालमैत्री सूचक र प्रक्रियाबारे बालबालिका तथा बाल संरक्षण समितिको सदस्यको लागि तालिम
- बालबालिकामाथि हुने शारीरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार न्यूनीकरण
- बाल श्रम बालविवाह न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम टोल विकास संस्थाका सदस्य हरुका लागि
- बालमैत्री आचारसंहिता कार्ययोजना तयारी अन्तरक्रिया
- बालमैत्री आचारसंहिता कार्ययोजना निर्माण
- बालमैत्री वडा घोषणाको लागि नगरस्तरीय समितिको बैठक
- बालमैत्री वडा घोषणाको लागि नगरस्तरीय समिति गठन
- बालमैत्री वडा घोषणाको लागि सूचक निर्माण योजना अन्तरक्रिया
- सडक तथा जोखिमका बालबालिका उद्धार तथा पुनर्स्थापना (परिवार र बाल गृहमा) थप शिक्षामा पोशाक तथा स्टेशनरी समेत सहयोग श्रमिक अप्ठेरोमा परेको र विद्यालय जानबाट बञ्चित बालबालिकाको व्यवस्थापन
- बालबालिकको संरक्षणको लागि समुदायमा आधारित संरक्षण तालिम
- बाल संरक्षण तथा बालविवाह न्यूनीकरण सम्बन्धी अभिभावक र बालबालिकाहरुको लागि अभिमुखीकरण कार्यक्रम
- बालबालिका शिक्षक अभिभावकबीच बालविवाह न्यूनीकरण सम्बन्धी अन्तरक्रिया
- बालमैत्री स्थानीय शासनवारे जानकारी स्थानीय जनप्रतिनिधिहरु र अभिभावकको लागि अभिमुखीकरण
- स्थानीय पूर्वाधार निर्माण कार्यबारेमा अपांगमैत्री बालमैत्री जेष्ठ नागरिकमैत्री वनाउने सम्वन्धमा जनप्रतिनिधिवीच अन्तरक्रिया
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवस कार्यक्रम
- बालमैत्री कार्यक्रमका लागि अनुगमन तथा सुपरिवेक्षण
- किशोरीहरुको बालमैत्री तथा किशोरी शिक्षा सम्वन्धी तालिम
- टोल विकास संस्थाका लागि वालश्रम, बालमैत्री, बालविवाह, वहुविवाह, दाइजो/दहेज जस्ता प्रथा नियन्त्रणका लागि सामाजिक परिचालन तथा न्यूनीकरणका लागि तालिम कार्यक्रम
- बालमैत्री, बाल संरक्षण तथा बालश्रम, बालविवाह न्यूनीकरण अभिमुखीकरण जनचेतनामूलक प्रचार प्रसार र माइकिङ कार्यक्रम-बाँकी वडाहरु
- बालमैत्री, लैगिक तथा घरेलु हिंसा नयूनीकरणका लागि बहस, पैरवी तथा तालिम गोष्ठी, अभिमुखीकरण, चेतनामूलक, अभियान सम्बन्धी कार्यक्रम टोल विकास सस्थाका सदस्यका लागि,
- बालमैत्री आचार संहिता कार्ययोजना तयारी फ्ल्याक्स बोर्ड
- बालमैत्री कार्यक्रम सम्बन्धी डकुमेन्ट्री
- बालमैत्री तथा लैङ्गिक हिंसा नियन्त्रित वडा घोषणा सवै वडाको लागि आवश्यक प्रक्रिया

(अभिमुखीकरण, गोष्ठी/तालिम/कार्ययोजना तथा कार्यक्रम)

- नेतृत्व विकास तालिम बालबालिकाहरुका लागि
- बालमैत्री तथा लैङ्गिक हिंसा निवारणका फ्लेक्स,पम्प्लेट, छपाई तथा निर्माण वडा तथा टोलका लागि
- युवा तथा किशोर किशोरी कार्यक्रम
- किशोर किशोरी समूह गठन तथा परिचालन
- महिला सहकारी संस्था र किशोर किशोरीको नियमित समीक्षा
- किशोरीहरुको लागि जीवन उपयोगी तालिम
- किशोर किशोरी सूचना परामर्श केन्द्र संचालन
- १९ वटै वडामा युवा क्लब गठन
- नगरस्तरीय किशोरी सजाल गठन तथा परिचालन र वैठक
- युवा स्वरोजगार सचेतना कार्यक्रम युवाहरुको लागि
- युवाहरुको लागि सीप विकास तालिम अटो पार्टस मेकानिकल तालिम
- टोल विकास संस्था परिचालन गरी लैङ्गिक हिसा घरेलु हिसा, वाल श्रम, बालविवाह, वहु विवाह, नियन्त्रणका साथै टोलको तथ्यांक संकलन र अध्यावधिक
- दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाति समुदायमा अत्यधिक प्रचलनमा रहेको बालविवाह न्यूनीकरण गर्न 'बिहेवारी बीस वर्ष पारि' भन्ने कार्यक्रम संचालन
- यातायात व्यवसायी, चालक सहचालकहरुको लागि बाल श्रम तथा व्यवहार परिवर्तन तालिम
- नगरस्तरीय युवा संजालको बैठक
- महिला विकास तथा क्षमता विकास
- लैङ्गिक सामाजिक समावेशीकरण तथा प्रजनन स्वास्थ्य तालिम टोल विकास महिलाहरुको लागि
- महिलाहरुको लागि समुदायमा आधारित सरक्षण तालिम
- समानुपातिक सहभागिता वृद्धिका लागि स्थानीय तहबाट गठन हुने समिति उप-समितिहरू, कार्यदल गठन गर्दा समानुपातिक समावेशिताका लागि वडाका प्रतिनिधि र कर्मचारीको लागि अभिमुखीकरण कार्यक्रम
- अभियान तथा दिवसीय कार्यक्रम
- महिला सहकारी सस्था र जनप्रतिनिधिवीच व्यक्तित्व सरचनागत तथा व्यवसायिक विकासवारे अभिमुखीकरण
- सामाजिक समावेशी तथा महिला सशक्तिकरण तालिम
- विभिन्न संघसंस्था नवीकरण सिफारिस बालक्लवको आवद्धता प्रमाणपत्र
- दलित समुदायको लागि कानून सचेतना कार्यक्रम
- जनप्रतिनिधि र विषयगत निकाय बीच कार्यक्रम अवलोकन कार्यक्रम
- लैंगिक सामाजिक समावेशी तथा प्रजनन स्वस्थ्य तालिम

- नेतृत्व विकास तालिम महिला र वालवालिकाहरुका लागि
- मुक्त कमलरीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम
- कार्यक्रमः विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण, घर दैलो अभियान,
- जनचेतनामूलक कार्यक्रम
- सन्देशमूलक तथा प्रचारप्रसार कार्यक्रमः होडिङवोर्ड फ्ल्याक्सवोर्ड,
- डिजिटल बोर्ड स्थापना, रेडियो माइकिङ जस्ता कार्यक्रमहरु
- जेष्ठ नागरिक तथा समाज कल्याण
- जेष्ठ नारिक अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम
- जेष्ठ नागरिक तथा अपागता परिचयपत्र वितरण कार्यक्रम
- जेष्ठ नागिरक दिवासेवा केन्द्र संचालन
- जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम
- यातायात व्यवसायीहरु र सरोकारवालाबीच जेष्ठ नागरिकलाई दिने सुविधा सम्बन्धी अन्तरक्रिया
- अपागता परिचयपत्र वितरण
- अपांग मानव अधिकार सरोकार मंच संचालन अनुदान
- अपांगता भएका व्यक्तिहरुको लगत संकलन अभिलेख तयार तथा कार्यक्रम
- खगेन्द्र नवजीवन संचालन अनुदान
- जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरु संचालन व्यवस्थापन निरन्तरता
- प्रेणाका लागि अभियान अनुदान
- अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम जेष्ठ नागरिक तथा जेष्ठ कर्मचारी
- प्रेणाका लागि अभियान अनुदान
- वेवारिसे मानव व्यवस्थापनका लागि मानव सेवा आश्रय तथा सेवा घर अनुदान
- अपाङ्गता भएका व्यक्तिहरुका लागि पुनर्स्थापनाको लागि सहयोग (खगेन्द्र नवजीवन अपांग संघ)
- आर्थिक रुपले विपन्न अपागलाई सहायक सामग्री वितरण कार्यक्रम
- सिप विकास तथा आय आर्जन कार्यक्रम
- एकल महिला तथा विधवा महिलाहरुको लागि सिप विकास तथा आयआर्जन कार्यक्रम
- महिलाहरुलाई सिप विकास तालिम टमाटर सस वनाउने
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सिप विकास तालिम (खगेन्द्र नवजीवन अपांग संघ)
- लोपोन्मुख, अल्पसंख्यक सिप विकास तालिम
- मुस्लिम महिलाहरुलाई सिपमूलक तालिम तथा बस्तुगत टेवा
- युवा तथा महिलाहरुको लागि सिप विकास तथा आयआर्जन कार्यक्रम
- युवा तथा महिलाहरुको लागि सिप विकास तालिम पश्चात आयआर्जन कार्यक्रममा वस्तुगत टेवा तथा मेशिनरी औजार सहयोग

- महिलाहरुको लागि सिप विकास तथा आयआर्जन कार्यक्रम विउ पूँजी तथा मेशीनरी औजार
- लोपोन्मुख, पिछडा वर्गलाई सिपमूलक तालिम वस्तुगत टेवा
- द्वन्द्व पीडित परिवारलाई सिपमूलक तालिम

**लैङ्गिक हिंसा निवारण कार्यक्रम**

- लैङ्गिक हिंसा निवारण तथा प्रभावितका लागि महिला सेवा केन्द्र सञ्चालन
- लैङ्गिक सामाजिक समावेशीकरण तथा प्रजनन स्वास्थ्य तालिम टोल विकास महिलाहरुको लागि
- लैङ्गिक हिंसा विरुद्ध महिला पुरुषहरुको लागि तालिम
- महिला सहकारी सस्थाको सदस्यको लागि लैङ्गिक हिसा विरुद्ध सचेतना कार्यक्रम
- लैङ्गिक हिसा विरुद्ध निगरानी समूहलाई तालिम
- सासु वुहारी अन्तरक्रिया
- महिला पुरुष समविकास तालिम
- सामाजिक विभेदको न्यूनीकरण छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्थामा तालिम गोष्ठी कार्यक्रम सञ्चालन
- लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) लैङ्गिक सम्बन्धी अभिमुखीकण
- लैगिक तथा घरेलु हिंसा, बालमैत्री बालश्रम न्यूनीकरणका लागि  चेतनामूलक अभियान, तालिम गोष्ठी, अभिमुखीकरण, प्रचार-प्रसार कार्यक्रम, यातायत, अटो मेकानिकल, सञ्चारकर्मी,  नगिरक समाज तथा सरोकावाला, विभिन्न संघसंस्थाका सदस्यहरुको लागि
- लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) लैङ्गिक परीक्षण
- विभिन्न विषयगत समिति गठन तथा बैठक
- शाखा अन्तरगत विभिन्न विषयगत समितिहरुको नियिमत वैठक
- अनुगमन तथा सुपिरवेक्षण

## ३.५ प्रगति अवस्था

### ३.५.१ विषय क्षेत्रगत वजेट विनियोजन तथा खर्च अवस्था

| सि.नं. | शाखा /महाशाखा | आ.व.२०७४/०७५ | | आ.व.२०७५/०७६ | | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ | | आ.व.२०७८/०७९ | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | खर्च | विनियोजित वजेट | अनुमानित खर्च | विनियोजित वजेट | खर्च | खर्च % |
| १ | महिला तथा वालवालिका | १२५२२ | १२५२२ | ९२४२.४ | ८७८३.५ | ७६३८ | ४७५५.७ | ७५०० | ६४७०.२ | १०२४२ | १०२०० | ४७१४४.४ | ४२७३१.४ | ९०.६४ |
| २ | जनस्वास्थ्य प्रवर्धन | १६५०० | १५२८० | ६३८१२ | ५१७५७.४ | ८४३८८ | ७०९४७.४ | ३८३०० | २७९९८ | ४०५०० | ४०००० | २४३५०० | २०५९८३ | ८४.५९ |
| ३ | शिक्षा तथा खेलकूद | ३९७८९ | ३९७०० | ४८३८२५ | ४७२७३९ | ५५३४१४ | ४८४६७४.९ | ५६०२५१ | ५५४८६२ | ५५५८०६ | ५५५६०० | २१९३०८५ | २१०७५७६ | ९६.१ |
| ४ | सामाजिक सुरक्षा तथा पंजीकरण | ६५० | ६०० | २२००२४ | २२००२४ | ५०० | १५४.२३ | १००० | ४७१.८ | ९५० | ८०० | २२३१२४ | २२२०५० | ९९.५२ |
| | जम्मा | ६९४६१ | ६८१०२ | ७७६९०३ | ७५३३०४ | ६४५९४० | ५६०५३२.२ | ६०७०५१ | ५८९८०२ | ६०७४९८ | ६०६६०० | २७०६८५३ | २५७८३४० | ९५.२५ |

### ३.५.२ वित्तीय तथा भौतिक प्रगति

| सि.नं. | शाखा /महाशाखा | आ.व.२०७४/०७५ | | आ.व.२०७५/०७६ | | आ.व.२०७६/०७७ | | आ.व.२०७७/०७८ | | आ.व.२०७८/०७९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | महिला तथा वालवालिका | १०० | १०० | ९५.०३ | ८७.७१ | ६२.२६ | ६६.४२ | ८६.२७ | ८८ | ९९.५९ | १०० |
| २ | जनस्वास्थ्य प्रवर्धन | ९२.६१ | १०० | ८१.११ | ९५.०५ | ८४ | ८५.४ | ७३.१ | ७६.८९ | ९८.७७ | ९९ |
| ३ | शिक्षा तथा खेलकूद | ९९.७८ | १०० | ९७.७१ | ९७.७ | ८७.५७ | ९८.९८ | ९९.०४ | ७१.६९ | ३५ | ९९.९६ |
| ४ | सामाजिक सुरक्षा तथा पंजीकरण | ९२.३१ | ९८ | १०० | १०० | ८० | १०० | ४७.१८ | ५१.८४ | ८४.२१ | १०० |

### ३.६ उपलब्धिहरु

#### ३.६.१ शिक्षा, युवा तथा खेलकूद विकास

- शिक्षक छनौट परीक्षा संचालन कार्यविधि, २०७४
- शिक्षा ऐन २०७५
- कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा कार्यविधि, २०७५
- शिक्षक दरबन्दी मिलान तथा विद्यालय नक्सांकन सम्बन्धी कार्यविधि, २०७६
- घोराही उपमहानगरपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७६
- शिक्षा नियमावली २०७६
- शिक्षक, बालबिकास केन्द्रका पूर्व शिक्षक तथा विद्यालय कर्मचारी सरुवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७
- परम्परागत विद्यालय संचालन कार्यविधि, २०७७
- एउटा पनि स्थायी मा.वि. दरबन्दी नभएका माध्यमिक विद्यालयमा माध्यमिक तहको स्थायी शिक्षक दरबन्दीको व्यवस्थापन गरिएको ।
- एउटा पनि स्थायी नि.मा.वि. दरबन्दी नभएका निम्न माध्यमिक तहको स्थायी शिक्षक दरबन्दीको व्यवस्थापन गरिएको
- शिक्षक दरबन्दी मिलान गरी दुर्गम वडाका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक
- व्यवस्थापन गरिएको ।
- वाल विकास केन्द्रका बाल बालिकाहरुको बसाई व्यवस्थापनका लागि पि.पि. म्याट कार्पेट तथा चकटीको व्यवस्थापन गरिएको ।
- प्रत्येक वडामा थप १ जना बाल विकास सहजकर्ताको व्यवस्था गरिएको ।
- विद्यालयको आवश्यकता तथा मागको आधारमा माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुमा नगर अनुदान शिक्षक व्यवस्थापन गरिएको ।
- नगर शिक्षा योजना निर्माण गरिएको ।
- थारु भाषाको पाठ्यक्रम निर्माण गरी पाठ्यक्रम लेखनको काम अघि वढाइएको ।
- नगर मेयर कप फुटवल तथा उपमेयर महिला भलिबल नियमित रुपमा सञ्चालन हुँदै आएको ।
- नगर स्तरीय तथा क्रिकेट तथा ब्याटमेन्टन खेलको प्रारम्भ गरिएको ।
- वाल विकास सहजकर्ताहरुको लागि क्षमता विकास तथा मन्टेश्वरी विधिको तालिम निममित रुपमा सञ्चालन भएको ।
- अंग्रेजी माध्यमबाट पठनपाठन सहज बनाउने उदेश्यले अंग्रेजी भाषाको तालिम संञ्चालन भएको ।
- शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम सञ्चालन भएको ।
- नियमित रुपमा नगर शिक्षा समितिको बैठक सञ्चालन भएको ।
- शैक्षिक गुणस्तर कायम गर्न न्यायोचित तरीकाले विद्यार्थी संख्यामा आधारित रहेर विद्यालय मर्ज, दरबन्दी मिलान र सरुवा पदस्थापन प्रक्रियालाई प्राथमिकताका दिइएको ।
- शिक्षा युवा तथा खेलकुद महाशाखाबाट सम्पन्न भएका कामहरुको चौमासिक रुपमा शैक्षिक

बुलेटीन र बार्षिक क्यालेण्डर प्रकाशन गरेको ।

- घोराही उपमहानगरपालिकाकाभित्र बसोबास गर्ने र सामुदायिक विद्यालयबाट माध्यमिक तहको परीक्षामा उच्च अंक प्राप्त गर्ने डाक्टर इन्जिनीयर पढने छात्राछात्रहरुको लागि छात्रबृत्ति प्रदान गरिएको ।
- प्रत्येक सामुदायिक माध्यमिक विद्यालयहरुमा स्वाध्यकर्मीको व्यवस्थापन गर्दै जाने नीति निर्माण गरिएको ।
- विद्यालयका प्र.अ. तथा लेखाका कर्मचारीहरुलाई लेखा व्यवस्थापन तथा क्षमता अभिबृद्धि तालिम दिई क्षमता विकास गरेको ।

**३.६.२ महिला तथा वालवालिका तथा जेष्ठ नागरिक**

**कानूनी व्यवस्थापन**

- बालअधिकार संरक्षण कार्यविधि, २०७४
- घोराही उपमहानरपालिका अन्तर्गत अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
- बालकल्याण समिति कोष (सन्चालन) कार्यविधि, २०७५
- बाल गृह सञ्चालन कार्यविधि, २०७५
- सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५
- समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदान सम्बन्धी मादण्ड, २०७६
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७
- घोराही उपमहानगरपालिकाको बाल संरक्षण तथा सम्बर्द्धन मापदण्ड २०७७
- जेष्ठ नागरिक सम्बन्धी सञ्चालन कार्यविधि, २०७७
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७
- बालमैत्री स्थानीय शासन कार्यान्वयन तथा घोषणा निर्देशिका, २०७८

**बालमैत्री नगर घोषणा**

- २०७२ फागुन २५ गते नेपालको साविक धर्ना र सौडियार गाविस तथा हालको घोराही उपमहानगरपालिका वडा नं. ५, ६,७ बालमैत्री वडा घोषणा भइसकेका थिए ।
- यसलाइ निरन्तरता दिन बालमैत्रीका चारवटा क्षेत्रका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई अवलम्वन गर्दै सन् २०२२ तदनुसार २०७८ चैत्र २३ गते घोराही उपमहानगरपालिकालाई देशकै पहिलो बालमैत्री उपमहा नगरपालिका घोषणा गरिएको छ ।
- बालमैत्री आचारसंहिता, कार्ययोजना नीति तय भएको ।
- घरदैलो अभियानले गाउँ तहसम्म बालमैत्रीको सन्देश दिएको ।
- भए गरेका कामको अभिलेखीकरण, समन्वय, बालक्लवहरुको सक्रियता सवै तह तप्का सरोकारवालाको सक्रियता रहेको
- बालविवाह न्यूनीकरण हुँदै गएको
- बालअधिकारप्रति सरोकारवालाहरु सचेत र जिम्मेवार भएको

- बालबालिकाको क्षेत्रमा योजना कार्यक्रम र बजेट बिनियोजन हुँदै गएको
- बालमैत्री अभियानमा सबै पक्ष तथा सरोकारवालाको सकृय सहभागिता र अपनत्व बढ्दै गएको ।
- बालबालिकाको सहभागितामा वृद्धि
- निर्णय प्रक्रियामा सक्रियता
- घर परिवारको उत्प्रेरणा र सक्रियता
- बालमैत्री योजना छनौटदेखि कार्यान्वयनमा पहुँच रहेको
- बालविवाह रोक्ने, बालश्रम, हिंसा न्युनीकरणका अभियान संचालन भएको
- स्तनपान कक्षको व्यवस्थापन भएको
- बालबालिकाकै अर्थपूर्ण सहभागितामा बालबालिकाको हक र हित हुने खालका योजना वनाउन र वजेट विनियोजन हुने प्रक्रियाको थालनी प्रेरित भएको
- परिवार, समुदाय र अन्य सरोकारवालालाई बालबालिका प्रति जिम्मेवार र जवाफदेही वढेको
- बालअधिकारको सम्मान भै बालबालिकाले आवश्यक न्यूनतम सेवा सुविधा उपलव्धता भएको
- बालबालिकाको इच्छा, चाहना, सवाल र समस्याप्रति सरोकारवाला जिम्मेवार रहेको
- बालबालिकालाई सुरक्षित रुपमा भविष्य निर्माण गर्ने बातावरण सृजना भएको
- बाल सरकारका निर्णय प्रक्रियामा बालबालिको अर्थपूर्ण सहभागिता भई उनीहरुको आवज सुनुबाइ हुने गरेको
- बाल सरोकारका विषयमा बालबालिकाले वोल्न पाउने र वोलेको कुराहरु निर्णयकर्तालाई वुझाउन सक्ने र नेतृत्व लिने अवसर निर्माण भएको
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, वेचविखन जस्ता जोखिमहरुबाट संरक्षण भएको
- बिद्यालयमा छात्रछात्रा मैत्री शौचालय, स्यानिटरी प्याडको व्यवस्थापन गरिएको ।
- बालमैत्री अध्ययन तथा अध्यापनको ब्यवस्थापन गरिएको ।
- अतिरिक्त कृयाकलाप खेलकुदको व्यवस्था भएको ।
- नमूना विद्यालय रहेको ।
- विद्यालयमा सूचक अनुसार व्यवस्थापन भएको ।
- ५५७ वटा बाल क्लव गठन  तथा पुनर्गठन भएको
- बालमैत्री कार्य प्रक्रियामा सहज भएको
- बालबालिकाको  हक अधिकारको सरक्षणमा सहयोग पुगेको
- वैठकमा बालमैत्री तथा बालबिलकाको अधिकार बारे नीतिगत निर्णयहरु भएको
- २० जना सडक तथा श्रमिक बालबालिकालाइ परिवारमा पुनर्स्थापना गरी प्रतिव्यक्ति रु. १५०००। सहित शैक्षिक सामग्री सहयोग गरेको
- २५०००० बालकोष स्थापना भएको
- बाल गृह तथा सडक बालबालिकाहरुको लागि आपतकालीन पुनर्स्थापना केन्द्र संचालनमा रही ५ वर्षमा जम्मा २६६ जना बालबालिकाहरुमा परिवारमा गएको ८८ जना उच्च शिक्षा हासिल बाहिर

निस्किएका ३३ जना १४ जना उमेर पुगेर विवाह भएर गएको १० कक्षा पास गरेपिछ नजिकको नातेदारले लगेको ६२ भागेका १० एक महिना २ महिनामा आफन्ती पत्ता लागेर जाने जना २९ जना बालबालिकाहरु बाल शान्ति गृहमा व्यवस्थापन भएको पालन पोषण तथा पठनपाठनमा उच्च शिक्षासम्मको व्यवस्था रहेको उच्च शिक्षा हासिल पश्चात बालगृह छाडेर गएको छ। ५ वर्षमा जम्मा २० जना उमेर पुगेर विवाह भएर गएको

| | |
|---|---|
| ➢ बालक्लव | ५५७ |
| ➢ किशोरी समूह | ११९ |
| ➢ टोल विकास संस्था | ७२४ |
| ➢ वडास्तरीय बाल संजाल | १९ |
| ➢ नगरस्तरीय बाल संजाल | १ |
| ➢ किशोरी संजाल | १ |
| ➢ वडा बाल संरक्षाण समिति | १९ |
| ➢ नगरस्तरीय युवा संजाल | १ |
| ➢ जेष्ठ नागिरक पुस्ताहस्तान्तरण नगरस्तरीय समिति | १ |
| ➢ एकल महिला नगरस्तरीय व्यवसायिक समिति | १ |
| ➢ लैगिंक हिंसा प्रभावितको व्यवसायिक समिति | १ |
| ➢ महिला सहकारी संस्था | ११ |
| ➢ सेवा केन्द्र संख्या | १ |
| ➢ सेवा केन्द्रवाट लाभान्वित | २७२ |
| ➢ बालगृह सहयोग संख्या | १ |
| ➢ बालगृह लाभान्वित | २६७ |
| ➢ अपतकालिन बाल आश्रय गृह | १ |
| ➢ बालबालिका संख्या | २८ |
| ➢ बालक | २६ |
